# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको मेरुदण्ड एवम् मानव कल्याणकारी साधन हो। शिक्षा विकासको आधारशीला यसको आधारभूत तह हो। यसलाई समयअनुसार प्राथमिक, निम्नमाध्यमिक भनिँदै अहिलेको नयाँ शैक्षिक संरचनाअनुसार आधारभूत तह भनिन्छ। कक्षा १ देखि ८ सम्मलाई आधारभूत तह, कक्षा ९ देखि १२ सम्मका कक्षाहरूलाई माध्यमिक तह हो। मानिसलाई चरित्र निर्माण, व्यक्तित्व विकासदेखि लिएर ठूलाठूला वैज्ञानिक, दार्शनिक बन्न समेत शिक्षा नै चाहिन्छ।

हरेक वर्ष नेपाल सरकारले देशको बजेटको धेरै हिस्सा शिक्षामा लगानी गर्दछ तर पनि चाहे अनुरूपको उपलब्धि हासिल हुन नसक्नुको कारण आधारभूत तह विद्यालय स्तरमा शैक्षणिक योजनाको कार्यान्वयनको अवस्था प्रभावकारी ढङ्गको नहुनु हो। राष्ट्रले लिएको लक्ष्य पूर्ति गर्नका लागि शैक्षणिक योजना चुस्त दुरुस्त, वैज्ञानिक र Vision भएको हुनुपर्छ। पाठ्यक्रमको निर्दिष्ट योजना अनुरूप हुनुपर्छ। शैक्षणिक योजना मात्र निर्माण गरेर हुँदैन, प्रभावकारी ढङ्गले कार्यान्वयन हुनु नितान्त जरुरी देखिन्छ। व्यक्ति, समाज तथा राष्ट्र विकासको आधार नै शिक्षा भएकोले हरेक देशको सर्वाङ्गीण विकास तथा प्रगतिका लागि शिक्षाको आवश्यकता पर्दछ। शिक्षा जनमुखी, वैज्ञानिक प्रविधियुक्त एवम् नव प्रवर्धक हुनुपर्दछ। शिक्षालाई समय सापेक्ष सीपमूलक, उत्पादनमूलक, सिर्जनात्मक तथा रचनात्मक बनाउनु आजको आवश्यकता हो।

शिक्षालाई नवप्रवर्तक बनाउन शिक्षाविद, योजनाकार तथा अनुसन्धानकर्ताको भूमिका महत्वपूर्ण हुन्छ। व्यक्तिको ज्ञान, सीप धारणाको विकास र विस्तार, समाजको वृहत्तर विकास गर्न, राष्ट्रको निर्दिष्ट लक्ष्यहरू प्राप्त गर्नका लागि असल, सुसङ्गठित, परिवर्तनशील, वैज्ञानिक तथा सापेक्षिक सुधारका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ। मानवको परम्परावादी सोच, चिन्तन, शैली तथा व्यवहारमा परिवर्तन गर्नु एवम् विश्वबजारमा प्रतिष्पर्धा गर्न सक्ने सक्षम जनशक्ति तयार गर्नु नै शिक्षाको प्रमुख उद्देश्य हो।

विश्वमा शैक्षिक योजनाको ऐतिहासिक पृष्ठभूमिलाई केलाएर हेर्दा झण्डै २६०० वर्ष अघि स्पार्टाले शैक्षिक उद्देश्यमा सैनिक, सामाजिक तथा आर्थिक पक्षमा सुदृढता कायम गर्न योजनाको तर्जुमा गऱ्यो। प्लेटोले आफ्नो प्रसिद्ध पुस्तक रिपब्लिकमा उल्लेख गरे अनुसार एथेन्सलाई नेतृत्वको आवश्यकता तथा राजनैतिक उद्देश्य पूरा गर्ने प्रकारको शिक्षा योजनामा जोड दिएको पाइन्छ। चीनको हान वंश तथा पेरुको इन्कास सभ्यताले शिक्षा योजना निर्माण गर्नु भनेको जनताको राय तथा प्रतिक्रिया अनुरूप तिनीहरूको आवश्यकता मिलान हुने किसिमको शैक्षिक योजना समाजसँग सम्बद्ध शिक्षाका लक्ष्यहरूसँग जोडिएको हुनुपर्छ। १६ औँ शताब्दीको मध्यतिर स्करल्याण्डका जोन नक्सले शिक्षा योजनामा बारेमा आत्मामुक्ति तथा भौतिक समुन्नतिको समिश्रण गरी विद्यालय तथा कलेजहरूको स्थापना गर्ने किसिमको राष्ट्रिय शिक्षा योजना पद्धतिमा जोड दिएका थिए। सन् १९२३ मा सोभियत युनियनले पहिलो पञ्चवर्षीय योजनामा शैक्षिक योजनाको नयाँ समाज निर्माणमा जनताको सहभागिताको महसुस हुनुपर्दछ र यसलाई पूरा गर्न थुप्रै चुनौतिहरूको सामनाका लागि तत्पर हुने किसिमको शैक्षिक योजनाको तर्जुमा गर्नमा जोड दियो। शिक्षा योजनामा क्रमिकता तथा व्यापक प्रक्रियाको सुरुवात यही मितिबाट भएको पाइन्छ (काफ्ले र साथीहरू, २०६७)।

रा.शि.प.यो. (२०२८-३२) ले शिक्षाको गुणात्मक प्रगतिलाई सङ्ख्यात्मक प्रगतिसँग सन्तुलन गर्न शिक्षाका नयाँ सुविधाहरू योजनाबद्ध तरिकाले दुर्गम क्षेत्रसम्म पुऱ्याउने र शिक्षाको स्तर बढाउन आवश्यक शैक्षिक सामग्री उत्पादन र वितरणमा दिने भन्ने नीति रहेको पाइन्छ। यस योजनाले देशभरी एकै किसिमको पाठ्यक्रम लागु गर्ने, विद्यालय व्यवस्थापनमा एकरूपता हुनुपर्ने, शिक्षक तालिम अनिवार्य गर्ने, विद्यार्थी मूल्याङ्कन व्यवस्थित गर्ने, हरेक आधारभूत तह विद्यालयमा अनिवार्य रूपमा शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन गरिनुपर्ने विद्यालयमा सिकाइ गुणस्तर बढाउन अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने, विद्यालयमा शिक्षकको श्रेणी विभाजन गरी पारिश्रमिक निर्धारण गरिनुपर्ने लगायत सरकारी अनुदान दिने जस्ता योजना बनाएको थियो। यस्तो योजना बनाएको भए तापनि व्यवहारिक रूपमा कार्यान्वयन गराउन सकेको देखिँदैन।

हाम्रो देश नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि योजनाबद्ध विकासको थालनी वि.सं. २०१३ सालदेखि भए तापनि विद्यालय तहमा राज्य स्तरबाट खोलिएको विद्यालयको सञ्चालन र व्यवस्थापन गर्न वि.सं. १९९६ सालमा जारी भएको

'शिक्षा इस्तिहार'बाट भएको पाइन्छ। यसले नेपालको शिक्षा व्यवस्थालाई विकासको व्यवस्थापन पाठ्यक्रम निर्माण, शिक्षाको माध्यम भाषा नेपाली निरीक्षण र प्रशासनको व्यवस्था, विद्यालयमा शिक्षक विद्यार्थी अनुपात, आर्थिक अधिकार, विद्यालय सञ्चालक समितिको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, वार्षिक मूल्याङ्कन, शिक्षकलाई प्रोत्साहन नयाँ विद्यालय खोल्ने प्रक्रिया जस्ता व्यवस्था समेत उल्लेख गरिएको थियो (शर्मा, २०५७)।

वि.सं. २००७ सालपछि नेपालमा शिक्षा विस्तार र विकासका लागि वि.सं. २००९ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग गठन गरियो। उक्त प्रतिवेदनमा प्राथमिक र प्रौढ शिक्षालाई देशव्यापी बनाउने, निःशुल्क बनाउने तथा माध्यमिक स्कुल रोजगारी दिने बहुउद्देश्य हुने जस्ता कुरा उल्लेख गरिएको छ भने वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-३२ को घोषणा समेत भएको थियो। यसले पनि शिक्षालाई व्यवस्थित रूपमा सञ्चालन गर्न विभिन्न कार्यक्रमहरू ल्याएको थियो (अधिकारी, २०६६)।

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्वहालीपछि गठित राष्ट्रिय शिक्षा आयोगले वि.सं. २०४९ सालमा आफ्नो प्रतिवेदन तत्कालीन प्रधानाध्यापक समक्ष पेश गरी योजनाबद्ध शिक्षाको विकासमा योगदान दिएको थियो। जसले माध्यमिक विद्यालय तहसम्म शिक्षा निःशुल्क गर्ने, माध्यमिक विद्यालय तहलाई तीन चरण (६-८ नि.मा., ९-१० माध्यमिक विद्यालय र ११-१२ उ.माध्यमिक विद्यालय) मा वर्गीकरण गरी शिक्षा दिनुपर्ने व्यवस्था समेत उल्लेख गरेको थियो भने वि.सं. २०५५ सालमा गठन भएको उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले रा.शि.आ. २०४९ ले उल्लेख गरेकै धेरै विषयवस्तुलाई निरन्तरता दिनुपर्ने कुरालाई उल्लेख गरेको छ। त्यसैगरी शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समिति २०५८ गठन समेत गरिएको थियो। यसले खासगरी तीनवटा शैक्षिक मुद्दालाई अगाडि सारेको थियो : (क) सार्वजनिक विद्यालयको गुणस्तर बढ्न नसक्नु, (ख) निःशुल्क शिक्षा वास्तविक निःशुल्क हुन नसक्नु, (ग) निजी विद्यालयहरू नियमित सञ्चालन हुन नसक्नु (अधिकारी, २०६०)।

खासगरी विद्यालयमा रहेको शिक्षकहरू तथा विद्यार्थीहरूको उन्नति, प्रगति र विकासका लागि शैक्षणिक योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। शैक्षिक बौद्धिक तथा पेशागत सीप, क्षमता र दक्षतालाई अझ तिखार्न शैक्षणिक योजनाको अपरिहार्यता धेरै ठूलो हुन्छ।

एक शैक्षिक सत्रभित्र विद्यालयलाई योजनाबद्ध कुशलतापूर्वक र उपलब्धिमूलक तरिकाले सञ्चालन गर्नका लागि शैक्षिक सत्रको सुरुमै बनाइने योजनालाई वार्षिक योजना भनिन्छ। सम्बन्धित विद्यालयका प्रधानाध्यापकले शिक्षक एवम् व्यवस्थापन समितिका पदाधिकारीहरूको समेत सहयोग र परामर्श लिई योजना बनाउने गरिन्छ। यस अन्तर्गत एक शैक्षिक सत्रभित्र कुन महिना, कुन हप्ता, कुन दिन के कार्यक्रम गरिने, शैक्षिक, भौतिक, आर्थिक पक्षलाई ध्यान दिएर सम्पूर्ण कार्यक्रम गरिने, शैक्षिक, भौतिक, आर्थिक पक्षलाई ध्यान दिएर सम्पूर्ण कार्यहरूको कार्यतालिका बनाइएको हुन्छ। बिदाका दिन कहिले पर्दछ ? जाडो बिदा, पर्व बिदा लगायत परीक्षा, स्टाफ बैठक, शैक्षिक भ्रमण, अतिरिक्त क्रियाकलाप सम्पूर्ण कुराहरूलाई समेटेर वार्षिक योजना तयार पारिएको हुन्छ (बुढाथोकी, २०६१)।

विद्यालय, शिक्षक, कक्षा व्यवस्थापन, शिक्षण सिकाइ, शिक्षण विधि, शैक्षिक सामग्री सबैलाई प्रभावकारी रूपले ध्यान दिएर बनाइने योजना नै शैक्षणिक योजना हो। यो योजना निर्माणभन्दा पनि दक्षतापूर्वक कार्यान्वयनका लागि प्रयास गरिएको हुन्छ। आधारभूत तहमा शैक्षणिक योजनाको कार्यान्वयनमा देखिएका समस्या तथा कमीकमजोरीहरूलाई कसरी न्युनिकरण गर्न सकिन्छ भन्ने उपायहरूको खोजी गर्न एवम् समाधानका उपायहरू प्रस्तुत गर्न यस अध्ययनमा केन्द्रित रही अगाडि बढाइएको छ।

वर्तमान समयमा नेपालमा शैक्षिक योजना निर्माण गरी चरणबद्ध शिक्षालयहरूको विकास र निर्माण गरी शिक्षाको विकास र प्रगति गर्ने उद्देश्यले आवधिक योजनाको अतिरिक्त विद्यालय सुधार योजना, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको गठन गरी कार्यान्वयन गर्ने गरेको पाइन्छ। यसका अतिरिक्त विद्यालयहरूले वार्षिक कार्यतालिका, शैक्षणिक योजना, वार्षिक वा साप्ताहिक योजना, दैनिक पाठयोजना, दैनिक कक्षा शिक्षण कार्यतालिका जस्ता थुप्रै योजनाहरूको निर्माण गरिनुपर्ने व्यवस्था मिलाइएको भए तापनि शिक्षाका अपेक्षित लक्ष्यहरू पूरा नभएर धेरै शैक्षिक लगानीको क्षति भएको जनगुनासो पाइन्छ। त्यसैले शैक्षणिक योजनाको वास्तविकता पहिचानका लागि शोधकर्ताले यसलाई अध्ययनको क्षेत्र बनाएको छ।

## १.२ समस्याको कथन

शैक्षिक योजना कार्यान्वयनमा जोड दिनु आजको समयमा माग र प्रमुख आवश्यकता हो। विद्यालयको आधारभूत तहमा निर्माण गरिने शैक्षणिक योजनाले

विद्यालयको विकास र शैक्षिक गुणस्तर वृद्धि गर्न सहयोग पुऱ्याउँछ । हरेक विद्यालयले तयार गरेको शैक्षणिक योजनामा पाठ्यक्रमले तोकेको लक्ष्य र उद्देश्य विद्यार्थी समक्ष पुऱ्याउने काम गर्दछ । त्यसैगरी शिक्षकलाई सिकाइ क्रियाकलाप सञ्चालन गर्न समेत सहयोग पुऱ्याउँछ । शैक्षणिक योजना शब्द चलन चल्तीमा रहे तापनि केही अल्छी शिक्षकहरू, प्रधानाध्यापक तथा जिम्मेवार व्यक्तिहरूको लापरवाहीले शैक्षिक सत्र शुरुवात भई बितिसक्दा सम्म पनि यसको कार्यान्वयन त के निर्माण पनि हुन नसकेको स्थिति छ । रा.शि.प.यो. २०२८-३२, रा.शि.आयोग २०४९ र उ.रा.शि.आ. २०५५ ले विद्यालयमा शैक्षिक योजना निर्माण तथा कार्यान्वयनमा अधिक जोड दिए तापनि यो कार्यमा लापरवाही भएर यो एउटा समस्याको रूपमा देखिएको छ । हाल विद्यालयहरूको शैक्षणिक योजनाको वास्तविक निर्माण अवस्था, कार्यान्वयनको अवस्था मात्र औपचारिकता पूरा गर्न नामको लागि योजना बनाइएको छ । योजना कार्यान्वयनमा विद्यालय र सरोकारवालाहरूबीचको सम्बन्ध, योजना कार्यान्वयका अवरोधक तत्त्वहरू, शैक्षणिक योजनाबाट पाठ्यक्रमले लक्ष्य पूरा गर्न सक्छ । राष्ट्रका शैक्षिक उद्देश्यहरू पूरा हुन लागि परेका छन् । योजना राम्रो निर्माण गरे तापनि कार्यान्वयन पक्षमा राम्रो ध्यान नपुऱ्याउनाले सबै शैक्षिक योजनाहरू सफल हुन सकिरहेका छैनन् । वार्षिक तथा अर्धवार्षिक रूपमा योजना कार्यान्वयनको समीक्षा नगर्नु, योजनाप्रति सरोकारवालाहरू गम्भीर नदेखिनु जस्ता कारणले पनि यो समस्याको विषय बन्न पुगेको देखिन्छ ।

## १.३ अध्ययनको औचित्य

विद्यालयहरूले बिना योजना कार्य गर्दा विद्यालयको शैक्षिक अवस्था नाजुक हुन पुग्यो । योजना निर्माण गर्दा कुनै विद्यालयले बढी ध्यान दिएर राम्रो बनाए तापनि त्यसको सही रूपमा कार्यान्वयन हुन नसकेर विद्यालयको पठन, पाठन, शैक्षिक उपलब्धि तथा गुणस्तरीय सिकाइ कमजोर हुने भएको छ । शिक्षाविद्, मनोवैज्ञानिकहरूको अवधारणा अनुसार विद्यार्थीहरूको सिकाइ, ज्ञान, सीप, प्रयोग योजनाबद्ध तरिकाले हुनुपर्दछ । विद्यालयमा निर्मित शैक्षणिक योजना (वार्षिक योजना, एकाइ योजना, दैनिक पाठयोजना) को वास्तविक कार्यान्वयनको अवस्था विश्लेषण गरी अध्ययन गर्नुका साथै अध्ययनका समस्या समाधानका उपयुक्त सुझावहरू खोजी गर्नु यस अध्ययनको औचित्य रहने छ ।

विद्यालयहरूको शैक्षिक विकास गर्न, शैक्षिक गुणस्तर बढाउन, प्रभावकारी शैक्षिक उपलब्धि हासिल गर्न साथै राष्ट्रको शैक्षिक लक्ष्य एवम् उद्देश्य पूरा गरी देशलाई आवश्यक पर्ने दक्ष, इमान्दार, कर्तव्यनिष्ठ जनशक्ति उत्पादन गर्नका लागि यस अध्ययनले सहयोग पुऱ्याउने छ । शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको महत्वको बारेमा विद्यालयका प्र.अ, शिक्षक, विद्यार्थी, कर्मचारी, स्रोतव्यक्ति, वि.नि., शिक्षाका अनुसन्धानकर्ताहरू, शैक्षिक योजनाकारहरू पाठ्यक्रमविद्, बौद्धिक वर्ग समेतलाई सहयोगका लागि अनुरोधका साथ आउने दिनमा पनि यस अध्ययनले अनुसन्धानकर्तालाई मार्ग दर्शन गर्नेछ । कक्षा १ देखि कक्षा ८ सम्म आधारभूत तह भएकोले शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, कार्यालय सबैले शैक्षणिक योजना कार्यान्वयनका सन्दर्भमा देखिएका हरेक पक्षलाई गहिरो रूपमा अध्ययन अनुसन्धान गर्न, आवश्यक समाधानका उपायहरू सुझाउन यो अध्ययनको औचित्य रहने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

क) विद्यालयको शैक्षणिक योजना निर्माण तथा प्रयोगको वर्तमान अवस्था विश्लेषण गर्नु,

ख) शैक्षणिक योजना कार्यान्वयनमा सरोकारवालाहरूबीचको सम्बन्ध केलाउनु,

ग) शैक्षणिक योजना प्रयोगमा देखिएका समस्या पत्ता लगाउनु

घ) शैक्षणिक योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरूको खोजी गर्नु ।

## १.५ अनुसन्धानका प्रश्नहरू

तलका प्रश्नहरू माथि केन्द्रित रहेर यो अध्ययन पूरा गरिएको छ :

क) विद्यालयमा शैक्षणिक योजना कार्यान्वयनको अवस्था कस्तो छ ?

ख) विद्यालयमा शैक्षणिक योजना प्रयोगमा समस्या कस्तो रहेको छ ?

ग) शैक्षणिक योजना कार्यान्वयनमा सरोकारवालाहरूबीचको सम्बन्ध कस्तो छ ?

घ) शैक्षणिक योजना कार्यान्वयनमा देखिएका समस्याहरूको समाधान के के हुन् ?

ङ) शैक्षणिक योजनाका समस्याहरूका समाधानका उपयुक्त सुझाव के के हुन सक्छन् ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनले विद्यालयको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्थालाई समेट्ने भए तापनि अध्ययनकर्ताको समय सीमा, आर्थिक अभाव, स्रोत, साधनको परिसीमाको कारणले गर्दा यस अध्ययनलाई झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गत बुद्धशान्ति गाउँपालिकाका सामुदायिक विद्यालयमा केन्द्रित गरिएको छ। उक्त विद्यालयहरूको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्थाको लेखाजोखा गरी उपयुक्त सुझाव दिने कार्यमा यो अनुसन्धानले जोड दिइएको छ। विद्यालयका प्रधानाध्यापक, शिक्षकहरू विद्यार्थीहरू, विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ, अभिभावक, स्रोतव्यक्ति तथा सरोकारवालाहरूसँग प्रत्यक्ष रूपमा यस खोज कार्यलाई सीमित गरिएको छ। खोजबाट उपलब्ध तथ्याङ्क र सूचना एवम् जानकारीको शुद्धतामा अनुसन्धान पनि सीमित मात्रामा सामान्यीकरण हुने ठहर गरिएको छ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुको अध्ययनका लागि त्यस विषयवस्तुबारे विगतमा भए गरेका लेख, रचना तथा विषयवस्तुसँग सम्बन्धित प्रतिवेदनको अध्ययन अनुसन्धान एवम् विश्लेषण गर्नु सान्दर्भिक हुने भएकाले यस अनुसन्धानलाई प्रभावकारी बनाउने शिलशिलामा यहाँ विद्यालयको सम्बन्धमा शैक्षिक योजना निर्माण तथा कार्यान्वयन सम्बन्धी पूर्व साहित्यहरूको अध्ययन गरी अनुसन्धानात्मक समीक्षा गरिएको छ ।

सिंह (२०६५) ले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको अवस्था शीर्षकमा गरिएको अध्ययनमा योजना निर्माणमा वास्तविक सहभागिता, चुनौति र देखा परेका समस्या र समाधानका बारेमा उल्लेख गरेका छन् । विद्यालयले बनाएको विद्यालय सुधार योजना अध्ययन गर्दा योजना निर्माण गर्न थालनी भएको, योजना निर्माण अनुसार राखिएको उद्देश्य सन्तोषजनक रहेको, तालिम प्राप्त शिक्षकहरू तुलनात्मक रूपमा कम भएको पाइन्छ । सरकारले दिएको बजेट र कार्यक्रमलाई समन्वयात्मक रूपमा जि.शि.का. स्रोतकेन्द्र र विद्यालयबीच छलफल र कार्यक्रम हुन नसकेको पाइन्छ र योजना निर्माणका क्रममा देखिएका समस्याहरूलाई समाधान गर्न विद्यालय आफैँ प्रयासरत रहेको, योजना निर्माणमा सरोकारवालाहरूको सहभागिता कम भएको एवम् ५% विद्यालयले मात्र योजना निर्माण गर्न सकेको अध्ययनमा उल्लेख गरेको पाइन्छ ।

गौतम (२०६६) ले सामुदायिक विद्यालय व्यवस्थापनमा शैक्षणिक योजनाको महत्व नामक शोधपत्रमा शोधकर्ताले संखुवासभामा जिल्लाको धुपू र बाह्रबिसे स्रोतकेन्द्र अन्तर्गतका २ वटा विद्यालयहरूलाई आधार मानी गरिएको अध्ययनमा तथ्याङ्क सङ्कलनका साधनहरू विद्यालय अभिलेख, अन्तर्वार्ता छलफल तथा अन्तरक्रिया आदि अपनाएको पाइन्छ । शिक्षकका पेशागत हकहित उत्थान तथा विद्यार्थीलाई गुणस्तरीय सिकाइ र ज्ञान प्रदान गर्न विद्यालयमा शैक्षणिक योजना, वार्षिक कार्ययोजना, वार्षिका कार्यतालिका, पाठयोजना, एकाइ योजना तथा शैक्षिक सामग्री र शिक्षण विधिको उपयुक्ततामा जोड दिएको पाइन्छ ।

प्रसाईं (२०६७) ले आधारभूत तहमा विद्यालय सुधार योजनाको प्रभावकारिता विषयमा गरिएको शोधकार्यमा सामुदायिक विद्यालयमा विद्यालय सुधार योजना व्यवस्था, योजनाले विद्यालयको भौतिक तथा शैक्षिक सुधारमा खेलेको भूमिकालाई मुख्य उद्देश्य बनाइ

गरिएको शोधपत्रमा गुणात्मक विधिको प्रयोग गरिएको छ। झापा जिल्लाको अनारमनी स्रोतकेन्द्र अन्तर्गतका ७ वटा सामुदायिक विद्यालयलाई आधार मानी गरिएको अध्ययनमा विद्यालयको प्रा.वि. तहमा विद्यार्थीहरूले कक्षा उत्तीर्ण गर्ने औसत दर ४.१४% ले वृद्धि भएको देखिन्छ भने कक्षा छाड्ने र दोहोऱ्याउने कुल औषत दर क्रमशः ०.३% र ३.९३% ले न्युनीकरण भएको तथ्य अध्ययनले देखाएको छ। यसरी विद्यालय सुधार योजनाको कार्यान्वयनमा रहेका समस्याहरूमा आर्थिक अभाव, सचेतनाको कमी, सरोकारवालाहरूको तत्परतामा कमी, समुदायको व्यापक परिचालन अभाव, शिक्षक विद्यार्थी अनुपात नमिल्नु, प्रभावकारी रूपमा अनुगमन नहुनु, विद्यालय सुधार योजनाको ५.०% रकम पाठ्यपुस्तकमा खर्च हुनुले यस योजनाबाट उल्लेखनीय उपलब्धि प्राप्तिमा असर पुगेको निष्कर्ष निकालिएको छ।

भट्टराई (२०६७) को सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारिता नामक शोधपत्रमा शैक्षणिक योजनाको कक्षाकोठाभित्रको प्रभावकारी र योजनाबद्ध रूपमा गरिने क्रियाकलापको रूपमा लिँदै विद्यालयमा शैक्षिक योजना निर्माणको विश्लेषण र प्रभावकारिता पत्ता लगाउने मुख्य उद्देश्य रहेको पाइन्छ। शोधकर्ताले झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गत बुद्धशान्ति गाउँपालिकाका ४ वटा विद्यालयलाई आधार बनाई गरिएको अध्ययनमा अन्तर्वार्ता, निर्देशिका, प्रश्नावली अभिलेख, सर्वेक्षण फारमबाट तथ्याङ्क सङ्कलन गरी अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धानका ढाँचा प्रयोग गरी अध्ययन पूरा गरेको पाइन्छ। अध्ययनमा शैक्षणिक योजनासहित शिक्षण गर्ने शिक्षकको सङ्ख्या ८०% रहेको र विना योजना २०% शिक्षकले शिक्षण गर्ने गरेको तथ्याङ्क रहेको छ। त्यस्तै शैक्षणिक योजना विना शिक्षण गर्दा कक्षाकोठामा उत्प्रेरणा जगाउन गाह्रो भएको ४०% निर्धारित उद्देश्य हासिल गर्न गाह्रो ४०% र पाठ बुझी बुझाउन बढी समय लाग्ने २०% जस्ता तथ्यहरू उल्लेख गरिएको छ। विद्यालयमा शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयन गर्ने शिक्षक, प्रधानाध्यापकलाई प्रोत्साहन स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिले शिक्षकलाई योजना निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्न तालिम प्रदान गर्दा सरोकारवालाबीच छलफल गरिनुपर्ने, योजना कार्यान्वयनका लागि आवश्यक अनुगमन, निरीक्षण, पृष्ठपोषण दिइनुपर्ने जस्ता सुझावहरू शोधकर्ताले अध्ययनमा उल्लेख गरेको पाइन्छ।

कोइराला (२०६९) को सामुदायिक विद्यालयको आधारभूत तह विद्यालयमा शैक्षणिक योजना कार्यान्वयन नितान्त आवश्यक नामक शोधपत्रमा शैक्षणिक योजना कार्यान्वयन कक्षा कोठाभित्र प्रयोग गरिने हुनाले विद्यालय र शिक्षकको यस विषयमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ साथै योजना निर्माण वैज्ञानिक तरिकाले स्पष्ट खालको हुनुपर्नेमा जोड दिएको छ। उक्त शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा विद्यालय प्रधानाध्यापकको पुलको झैँ जोड्ने भूमिका हुन्छ। जसले योजना निर्माणमा हरेक व्यक्ति, शिक्षक, समिति, सरोकारवालादेखि कार्यान्वयनको क्षेत्रमा अनुकुल वातावरण र सहजता रहेको हुन्छ।

राजवंशी (२०७४) ले सामुदायिक विद्यालयमा शैक्षिक व्यवस्थापन प्रक्रिया शीर्षकको शोधपत्रमा सहभागितामूलक व्यवस्थापनका लागि शिक्षक, प्र.अ., अभिभावक, वि.व्य.स. सबैलाई व्यवस्थापन सम्बन्धी निर्णय प्रक्रियामा सहभागी गराइ विद्यालयको लक्ष्य र कार्य गर्ने व्यक्तिहरूको लक्ष्यबीच सन्तुलन कायम गरी एकीकृत ढङ्गले काम गरी शैक्षिक व्यवस्थापनका समस्या कम गर्नेतर्फ लागि पर्न सकिन्छ। त्यस्तै व्यवस्थापनको क्षेत्रमा भूमिका निर्वाह गर्ने सबै पक्षलाई मानव सम्बन्ध सिद्धान्त अनुसार अभिप्रेरणा, उत्साह र सकारात्मक मनोवृत्तिको विकास गरी प्रभावकारी सञ्चार प्रवाहको माध्यमद्वारा अस्पष्ट कुरालाई प्रस्ट पार्दै विद्यालयीय गतिविधिमा सबैको सक्रियता बढाएर शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ। विद्यालयमा शैक्षिक व्यवस्थापनको पक्षलाई वेवास्ता गरिएमा शैक्षिक सुधार गर्न सकिन्न। शैक्षिक व्यवस्थापनमा देखिएका कमजोरीहरूको विश्लेषण गरी तिनीहरूको सुधारका लागि प्रष्ट योजना बनाइ सम्बन्धित सबै पक्षले आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याइ आफ्ना दायित्वहरू पूरा गर्ने तर्फ क्रियाशील हुन सकेमा शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरू समाधान हुन सक्ने देखिन्छ भनी विश्लेषण गरेका छन्।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन कार्यलाई सुचारु रूपले सञ्चालन गर्न आवश्यकता अनुसार सहयोग पुऱ्याउने नीति, नियम, विचार, परामर्श र धारणा आदिको प्रमाणित तथ्य वा विचारको सँगालोलाई सिद्धान्त भनिन्छ। सिद्धान्त निर्माण गर्न वैज्ञानिक प्रक्रियाको अनुसार कार्यलाई गरिएको हुन्छ। सिद्धान्त मानवीय कल्पनाको स्रोत भएकोले यसलाई अनुभवको आधारमा निर्माण गरिएको हुन्छ। यस अध्ययनलाई निम्न सिद्धान्तको अधिनमा राखी अगाडि बढाइएको छ।

आजको युग वैज्ञानिक युग हो । अहिलेको एक्काइसौं शताब्दीमा आएर शिक्षा भनेको केबल पढ्ने, पढाउने कार्य मात्र होइन । शिक्षा त विशिष्ट उद्देश्य पूर्ति गर्ने कार्य हो । यस्तो महान् कार्य गम्भीर सोच, विचार तथा योजनाको साथ गर्नुपर्दछ । जसरी देशमा शान्ति, सुासन, अमन चयन तथा कानुनी राज्य कायम गर्न संविधान चाहिन्छ । त्यसरी नै शिक्षामा हरेक कुरालाई व्यवस्थित गर्न शैक्षणिक योजनाको आवश्यकता पर्दछ । योजना बिनाको कार्य विना लगामको घोडा जस्तै हुन्छ । योजनाले कहाँ जाने, कसरी जाने, कुन गतिमा जाने, के लगानी गर्ने, प्रक्रिया तथा उपलब्धि सबैलाई सन्तुलन बनाई राख्दछ । सामान्यतया राष्ट्रको समग्र शिक्षा विकासका लागि बनाइएको योजनालाई शैक्षणिक योजना भन्न सकिन्छ । शिक्षा राष्ट्र निर्माण तथा देशको मेरुदण्ड भएकोले शिक्षा योजनाको समग्र राष्ट्रका अन्य योजनाहरूलाई समेत प्रभाव पारेको हुन्छ (अधिकारी, २०६४) ।

शैक्षणिक योजना निर्माणको बेला निर्माणभन्दा बढी ध्यान कार्यान्वयनतिर केन्द्रित हुनुपर्छ । स्थानीय स्तरमा उपलब्ध हुने ज्ञान र स्रोतको अत्याधिक रूपमा उपयोग गर्ने गरी शैक्षणिक योजनाको निर्माण गरेमा निर्मित शैक्षणिक योजना सपलतापूर्वक कार्यान्वयनका लागि शिक्षकलाई सहज हुने हुन्छ । स्थानीय उपलब्ध स्रोत सामग्री ज्ब्नज अयकत Low cost and No cost) लाई शैक्षिक सामग्रीमा उपलब्ध⁄उपयोग गरी शिक्षण सिकाइ प्रक्रिया पूर्ण रूपले सम्पन्न हुने र विद्यार्थीहरूबाट हासिल हुनुपर्ने सिकाइ उपलब्धिहरू प्राप्ति हुने हुनाले पनि शिक्षण योजनाको निर्माणमा यसलाई जोड दिनुपर्ने हुन्छ । विद्यार्थीहरूमा प्रभावकारी सिकाइ प्रदान गर्न एवम् परिर्वतन ल्याउन स्थानीय स्तरका ज्ञान तथा साधन स्रोतको प्रयोग गरी योजना निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ । योजना कार्यान्वयन भएपछि मात्र त्यसको उपलब्धि वा परिणामको आधारमा मूल्याङ्कन र नियन्त्रण गर्न सकिन्छ । निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिमा गरिएको मार्ग दर्शनको आधारमा व्यवहारिक ढङ्गले योजनाको कार्यान्वयन गर्नुपर्दछ । शिक्षामा बनाउने वार्षिक योजना, कार्ययोजना, एकाइ योजना, साप्ताहिक कार्यतालिका, दैनिक पाठयोजनालाई प्रभावकारी ढङ्गले शिक्षाका उद्देश्यय परिपूर्ति गर्ने गरी योजना बनाइन्छ । शिक्षाको राष्ट्रिय उद्देश्यको आधारमा तहगत उद्देश्य, विषयगत उद्देश्य, कक्षागत उद्देश्य, पाठगत उद्देश्य आदि योजनाको रूपमा तयार गरिन्छ (कोइराला र श्रेष्ठ, २०६६) ।

## २.३ पुनरावलोकनको उपादेयता

शैक्षणिक योजना तर्जुमा तथा कार्यान्वयनका क्रममा शिक्षक, अभिभावक संघ र शिक्षकहरूबीच सिधा सम्पर्क गरी आफ्ना बालबालिकाहरूको शैक्षिक गतिविधि, शैक्षिक उपलब्धि प्रगति विवरणमा चासो राख्ने, शिक्षकहरूबाट आएको राय, सल्लाह, सुझाव तथा पृष्ठपोषणलाई स्वीकार गर्ने त्यसबाट सकारात्मक दिक्षा मार्गदर्शन हुने भनी अध्ययन गर्न सहयोग पुग्नेछ। त्यस्तै विद्यालयलाई समयसापेक्ष सुधार गर्न, भौतिक सुविधाहरू उपलब्ध गर्न, शैक्षिक वातावरण कायम गर्न, विद्यालय र समाजबीच परस्पर सुमधुर सम्बन्ध कायम गर्न र शैक्षिक पक्षहरूमा सुधार गर्न शैक्षिक योजना निर्माण तथा कार्यान्वयन गर्नु अपरिहार्य रहेको छ। अझ विद्यार्थीहरूमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन त झनै शैक्षणिक योजनाको निर्माण गरी कार्यान्वयन गर्नु अति आवश्यक रहेको कुरा सम्बन्धित साहित्यको पुनरावलोकनले देखाएको देखिन्छ। यस अध्ययनबाट प्राप्त निष्कर्ष, प्राप्ति र सैद्धान्तिक अवस्थालाई समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा १-८ सम्म) मा शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयनमा सुधार ल्याउन उपयोगी हुने ठहर गरिएको छ। खासगरी आधारभूत तह विद्यालयले शैक्षणिक योजना निर्माणभन्दा पनि कार्यान्वयन गर्दा कुन कुन विषयवस्तु, शिक्षण सामग्री, शिक्षण विधि, शैक्षिक क्रियाकलाप, मूल्याङ्कन जस्ता विषयलाई कसरी समेट्ने सबभन्दा बढी योजना कार्यान्वयनका लागि सरोकारवालाहरूको सम्बन्ध र सहभागितालाई बढीभन्दा बढी उपयोगी र प्रभावकारी बनाउने जस्ता अवधारणामा यो अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

विद्यालयमा शैक्षणिक योजनाको प्रयोग शीर्षकमा गरिएको छ। यस अध्ययनमा गुणात्मक र परिमाणात्मक दुवै विधिको प्रयोग गरिएको छ। विद्यालयहरूको शैक्षणिक योजना कार्यान्वयनको अवस्था अध्ययन गरी ती अवस्थाबारे विश्लेषण गरी समस्या पहिचान गर्ने, समस्या समाधानका उपायहरू सुझाउने एवम् अध्ययनको उद्देश्य प्राप्तिका लागि सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट गरी अध्ययनका विविध विधि तथा साधनहरूको प्रयोगबाट प्राप्त सूचनाहरूलाई गुणात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ। यस अध्ययनलाई मिश्रित अनुसन्धान ढाँचा अपनाई अगाडि बढाइएको छ।

## ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनौट विधि

### ३.२.१ जनसङ्ख्या र नमुना

सम्पूर्ण जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गरी जनसङ्ख्याबाट लिइएको प्रतिनिधिमूलक अंश नमुना हो। यो अध्ययन कार्य आर्थिक तथा व्यवहारिक जस्ता कारणहरूले व्यापक क्षेत्र र जनसङ्ख्यामा गर्न नसकिने हुनाले यस अध्ययनका लागि झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गत रहेका १६ वटा सामुदायिक विद्यालयहरूमध्ये ५ वटा बुद्धशान्ति गाउँपालिका क्षेत्रमा पर्ने विद्यालय छनोट गरिएको छ। जसमा श्री गणेश माध्यमिक विद्यालय बुद्धशान्ति, श्री गडीगाउँ माध्यमिक विद्यालय बुद्धशान्ति, श्री माध्यमिक विद्यालय बर्ने बुद्धशान्ति, बुद्धआदर्श माध्यमिक विद्यालय र श्री नवकिरण आधारभूत विद्यालय बुद्धशान्ति गरी जम्मा ५ वटा विद्यालयहरूलाई छनौट गरिएको छ। उक्त नमुना बुधबारे स्रोतकेन्द्रका कुल समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालय सङ्ख्याको लगभग २७% रहेको छ। छनोटमा परेका विद्यालयहरूबाट ५० जना र सम्बन्धित क्षेत्रको स्रोतव्यक्ति १ जना गरी जम्मा ५१ जनाको जनसङ्ख्या छनोट यस अध्ययनमा गरिएको छ। विद्यालय अन्तर्गत प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक र स्रोतव्यक्ति लगायत अन्य सरोकारवालाहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ।

### ३.२.२ नमुना छनौट विधि

नमुना छनोट गर्ने क्रममा उक्त पाँचवटै विद्यालयहरूलाई उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी छनोट गरएको छ। त्यसैगरी ५ प्रधानाध्यापक, ५ विद्यालय व्यवस्थापन समिति अध्यक्ष, १ स्रोतव्यक्ति गरी जम्मा ११ जनालाई पनि उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी छनोट गरिएको छ। जम्मा ४८ जना शिक्षकहरूमध्ये ८ शिक्षक, १६५० विद्यार्थीहरूमध्ये ५० जना विद्यार्थी र ८१० अभिभावकमध्ये २० जना अभिभावकहरूलाई उद्देश्यमूलक नमुना छनोट विधि नै प्रयोग गरी छनोट गरिएको छ।

### ३.२.३ नमुनाको आकार

अध्ययन कार्यलाई व्यवस्थित गरी सम्पन्न गर्न निम्नअनुसारको जनसङ्ख्या र विधिहरू छनोट गरिएको छन् :

तालिका नं. १ : नमुनाको आकार

| क्र.सं. | विद्यालय सरोकारवाला | श्री गणेश माध्यमिक विद्यालय | श्री गडीगाउँ माध्यमिक | श्री माध्यमिक विद्यालय | श्री नवकिरण आ.वि. | श्री बुद्ध आदर्श आ.वि | छनोटमा परेका जनसङ्ख्या | नमुना छनोट विधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रधानाध्यापक | १ | १ | १ | १ | १ | ५ | उद्देश्यमूलक |
| २. | विद्यालय व्यवस्थापन समिति अध्यक्ष | १ | १ | १ | १ | १ | ५ | उद्देश्यमूलक |
| ३. | स्रोतव्यक्ति | - | - | - | - | - | १ | उद्देश्यमूलक |
| ४. | शिक्षक | २ | २ | २ | २ | २ | ८ | उद्देश्यमूलक |
| ५. | विद्यार्थी | ५ | ५ | ५ | ५ | ५ | २५ | उद्देश्यमूलक |
| ६. | अभिभावक | ५ | ५ | ५ | ५ | ५ | २० | उद्देश्यमूलक |
| | जम्मा | १९ | १ | | | | | |

स्रोत : स्थलगत अध्ययन, २०७५

## ३.३ तथ्याङ्कका स्रोतहरू

अनुसन्धानको क्रममा प्रयोग गरिने सूचना, प्रमाण, जानकारी तथा आँकडालाई तथ्याङ्क भनिन्छ । यस अध्ययनलाई सम्पन्न गर्नका लागि निम्न दुई (प्राथमिक र द्वितीय) स्रोतलाई लिइएको छ ।

**क) प्राथमिक स्रोत**

नमुना छनोटमा परेका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यार्थी, अभिभावक, स्रोतव्यक्तिबाट छलफल, अन्तर्वार्ता, प्रश्नावली, प्रत्यक्ष अवलोकन गरी प्राप्त सूचनालाई प्राथमिक स्रोतको रूपमा लिइएको छ ।

**(ख) द्वितीय स्रोत**

प्राथमिक स्रोतले मात्र अध्ययन कार्य पूरा गर्न नसक्ने हुँदा द्वितीय स्रोतको आवश्यकता पर्दछ । तसर्थ द्वितीय स्रोत अन्तर्गत विद्यालयका अभिलेखहरू, विद्यालय सुधार योजना, कार्यालयका योजनासँग सम्बन्धित अभिलेखहरू, शिक्षा ऐन, नियमावली, निर्देशिकाहरू, अप्रकाशित शोधपत्रहरू समेत द्वितीय स्रोतको रूपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

अनुसन्धान कार्यहरूलाई अगाडि बढाउन तथा कार्यलाई पूरा गर्न र निर्धारित उद्देश्यहरूलाई प्राप्ति गर्नका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिने साधनहरू निम्नअनुसार रहेका छन् :

### ३.४.१ अवलोकन फारम

अध्ययनको क्रममा विद्यालयको शैक्षणिक योजना कार्यान्वयन विवरण फारम तयार गरेर फारमको आधारमा हालसम्म के कसरी ती विद्यालयहरूमा शैक्षणिक योजना कार्यान्वयन भइरहेका रहेछन् भनी जानकारी लिने उद्देश्यले सम्बन्धित विद्यालयका प्र.अ, शिक्षकको सहयोगमा तथा स्वयम् अवलोकन गरी आवश्यक सूचना तथा तथ्याङ्क प्राप्त गरिएको छ । जसको नमुना अनुसूचीमा समावेश गरी प्रस्तुत गरिएको छ ।

### ३.४.२ अन्तर्वार्ता सूची

यस अध्ययनमा छनोटमा परेका जनसङ्ख्यामा भित्रमा प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष र अभिभावकबाट शैक्षणिक योजना कार्यान्वयनसम्बन्धी

आवश्यक सूचना लिन छुट्टाछुट्टै अन्तर्वार्ता निर्देशिका तयार गरी उत्तरदाताबाट प्राप्त उत्तरलाई टिपोट गरिएको छ । यसलाई अनुसूचीहरूमा समावेश गरिएको छ ।

### ३.४.३ लक्षित समूह छलफल निर्देशिका

अध्ययनका क्रममा प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई बढी विश्वसनीय एवम् प्रमाणिकरण गर्न अध्ययन क्षेत्रभित्रका विद्यार्थीहरूलाई समूहमा राखी अध्ययनरत विद्यालयहरूले शैक्षणिक योजना कार्यान्वयनका सम्बन्धमा गरिरहेका हरेक क्रियाकलापहरूको बारेमा जानकारी लिइएको छ। उक्त सूमह विद्यार्थीहरूलाई गरिने सामुहिक छलफल निर्देशिकालाई अनुसूचीमा समावेश गरिएको छ ।

### ३.४.४ प्रश्नावली

बुधबारे स्रोतकेन्द्र अन्तर्गतका १६ वटा विद्यालयहरूका साथै खासगरी अध्ययन क्षेत्रभित्रका विद्यालयहरूमा शैक्षणिक योजना कार्यान्वयनका सन्दर्भमा के कस्ता गतिविधिहरू भइरहेका छन्, राम्रो एवम् प्रभावकारी बनाउन अझ के कसरी अघि बढ्न सकिन्छ आदि जस्ता सूचनाहरूलाई सङ्कलन गर्नका लागि बुधबारे स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री सूर्य सापकोटाज्यूका लागि प्रश्नावली तयार गरी आवश्यक तथ्याङ्कहरू प्राप्त गरिएको छ। प्रश्नावली उत्तरदातासामु अनुसन्धानकर्ता स्वयम्ले भेटेर दिइने छ। प्रश्नावली अनुसूचीमा समावेश गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलनका लागि नमुना छनोटमा परेका विद्यालयमा स्वयम् अनुसन्धानकर्ता पुगेर प्रत्यक्ष भेटघाट गरी तथ्याङ्क सङ्कलन गर्नेछ। सर्वप्रथम प्रत्येक विद्यालयमा अनुसन्धानकर्ता पुगेर प्रधानाध्यापक र अन्य शिक्षककहरूको सहयोगमा आफ्नो अवलोकनबाट प्राप्त नतिजाको आधारमा विद्यालय अवलोकन फारम भरिने छ। अवलोकन फारममा उल्लेखित बुँदा बाहेक अन्य तथ्य प्राप्त भए टिपोट गरिएको छ। त्यस्तै नमुना छनौटमा परेका प्रत्येक प्रधानाध्यापक, शिक्षककहरू, विद्यालय व्यवस्थापन समिति  अध्यक्ष, अभिभावकहरूलाई अन्तर्वार्ता निर्देशिका अनुरूपका प्रश्नहरू गरिएको छ। प्राप्त जवाफहरूलाई पुनः टिपोट गरिएको छ ।

प्रधानाध्यापकको सहयोगमा नमुना छनौटमा परेका विद्यार्थीहरूलाई समूहमा बसाई अनुसूचीमा उल्लेख भएका प्रश्नहरू सोधी प्राप्त उत्तरहरूलाई पनि नोट गरिएको छ। अन्तमा सम्बन्धित स्रोत व्यक्तिलाई समेत स्रोतकेन्द्र स्तरीय प्रश्नावली राखी लिखित रूपमा उत्तरहरू प्रस्तुत गर्न अनुरोध तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानका महत्वपूर्ण पक्ष हो। यो अध्ययन खासगरी गुणात्मक तथा परिमाणात्मक अनुसन्धानमा आधारित भएकोले अनुसन्धानात्मक प्रश्न र उद्देश्यमा केन्द्रित रही नमुना छनोट परेका जनसङ्ख्यासँग छलफल, अन्तर्वार्ता, प्रश्नावली तथा अवलोकन फारममा साथै विद्यालयमा भएका दस्तावेज लगायत विभिन्न स्रोतहरू प्राथमिक तथा माध्यमिकबाट तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार विभिन्न समूहमा वर्गीकरण गरिएको छ। उक्त समूहभित्र आएका प्रतिक्रिया, जवाफ एवम् मुख्य गुणात्मक सूचनाहरूलाई विषय, प्रकृति र क्षेत्र अनुसार उपसमूहहरू बनाई व्याख्या र विश्लेषण गरिएको छ। उक्त तथ्याङ्कहरूलाई पूर्ण स्थापित सिद्धान्त र साहित्यसँग जोडेर विश्लेषण गर्दै निष्कर्षमा पुगिने छ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

सङ्कलित तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिका, ग्राफ, चार्ट, प्रतिशतमा प्रस्तुत गर्दै अनुपात, औसतका आधारमा तथ्याङ्कहरूलाई अलग-अलग रूपमा व्याख्या तथा विश्लेषण गरिएको छ। यसैगरी निर्धारित गरिएका उद्देश्यअनुसार उपयुक्त शीर्षकको चयन गरी प्राप्त तथ्याङ्कलाई सोही शीर्षकभित्र प्रस्तुतीकरण गरी व्याख्या गर्दै साहित्य र सिद्धान्तसँग सम्बन्धित गराउँदै निष्कर्ष निकालिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस परिच्छेदमा अध्ययनको उद्देश्य पूरा गर्नका निमित्त प्राप्त सूचना तथा तथ्याङ्कहरूलाई विभिन्न उपयुक्त उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरेर स्थापित सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त तथ्यलाई जोड्दै विश्लेषण एवम् व्याख्या गरिएको छ ।

## ४.१ शैक्षणिक योजना निर्माणको अवस्था

विद्यालयमा गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरू योजना निर्माण गरी सोहि बमोजिम कार्य गर्नाले तोकिएको समयमा आवश्यक पर्ने विविध योजनाहरू निर्माण गरी त्यसलाई सहि ढङ्गबाट कार्यान्वयन गर्ने हो भने यसले शैक्ष्िक स्तर वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउँछ। कुनै पनि योजनाले लक्ष्य हासिल गर्नका लागि दिशा निर्देशनको काम गर्दछ, तसर्थ विद्यालयमा सबै प्रकारका योजनाहरू निर्माण गरी कार्यान्वयन गराउनु आवश्यक हुन्छ। विद्यालयमा कुन-कुन योजनाहरू कसरी निर्माण हुँदै आएका छन्, कस-कसको कसरी सहभागिता हुँदै आएको छ, जस्ता प्रश्नहरूको उत्तर खोज्ने नमूना छनौटमा परेका विद्यालयहरूको स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरूलाई देहायका उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

### ४.१.१ शैक्षिक योजना निर्माणको अवस्था

शिक्षण सिकाईलाई प्रभावकारी बनाउन शैक्षणिक योजना निर्माण गरिन्छ। यस्तो योजना निर्माणले कक्षा शिक्षणको वातावरणलाई सही मार्ग निर्देशन गर्छ। यसको अभावमा कक्षा शिक्षकको सफलतालाई आशा गर्न सकिँदैन। तसर्थ यस अध्ययन क्षेत्रमा लिएको उत्तरदाता शिक्षकबाट शैक्षणिक योजना निर्माण सम्बन्धमा प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २ : शैक्षणिक योजना निर्माण

| विवरण | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ४ | ८० |
| छैन | १ | २० |
| जम्मा | ५ | १०० |

स्रोत : प्रश्नावली, २०७५

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा लिइएको कुल विषय शिक्षक उत्तरमध्ये २० प्रतिशत शिक्षकले मात्र शैक्षिक योजना निर्माण नगरेको पाइयो तर ८० प्रतिशत शिक्षकले शैक्षणिक योजना निर्माण गरेको पाइयो ।

### ४.१.२ शैक्षणिक योजना नबनाउनको कारण

शैक्षणिक योजना निर्माणबिना प्रभावकारी र अर्थपूर्ण शिक्षण सम्भव छैन । त्यस्तै निर्दिष्ट उद्देश्य प्राप्त हुन समेत कठिन हुन्छ र शैक्षिक, योजना र शैक्षिक कार्याक्रम अन्योलमा पर्न जाने निश्चित देखिन्छ । त्यसैगरी शैक्षणिक योजना निर्माण नगर्नुका पछाडि थुप्रै कारणहरू हुन सक्छन् । अध्ययन क्षेत्रमा पनि शैक्षणिक योजना नबनाउने कारणहरू दिने ५ जना उत्तरदाता शिक्षकका आधारमा प्राप्त तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३ : शैक्षणिक योजना नबनाउनुको कारण

| क.सं. | शैक्षणिक योजना नबनाउनुका कारणको आधारमा शिक्षक | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभावले | २ | ४० |
| २. | तालिमको अभाव | १ | २० |
| ३. | तयारीको लागि पर्याप्त समयको अभाव | २ | ४० |
| ४. | पाठको उद्देश्यहरू स्पष्ट नआउनु | ० | ०० |
| ५. | आवश्यक नठानिएको | ० | ०० |
| | जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकालाई विश्लेषण गर्दा कुल उत्तरदाता ५ जना शिक्षकमध्ये २० जनाले शैक्षणिक योजना निर्माण नगर्नुको कारण पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभावले २१ जना (२० प्रतिशत) ले तयारीको लागि प्रशस्त समयको अभावले २ जना (४० प्रतिशत) ले भन्ने तथ्याङ्क प्राप्त भएको देखिन्छ । यसबाट के पुष्टि हुन्छ भने सरकारले जतिसुकै लगानी शिक्षा क्षेत्रमा गरे तापनि त्यो अपुग नै हुने स्पष्ट हुन जान्छ ।

### ४.१.३ पाठयोजना निर्माणको आधार

विद्यालयको शैक्षणिक योजना पाठयोजनाअनुसार निश्चित समयमा र समयको सदुपयोग गर्न एक शैक्षिक सत्र भित्रमा कक्षा शिक्षण पूरा गर्न पाठयोजनालाई महत्त्वपूर्ण मानिन्छ। पाठयोजनाको निर्माणले शिक्षणका लागि चाहिने आधारभूत कुराहरू जस्तै : उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाई क्रियाकलाप, मूल्याङ्कन, गृहकार्य जस्ता महत्त्वपूर्ण पक्षहरू पाठयोजनामा उल्लेख गरिने हुँदा शिक्षण व्यवस्थित तरिकाले प्रभावकारी र अर्थपूर्ण तरिकाबाट सम्पन्न गर्न सघाउ पुऱ्याउने मुख्य कार्य पाठयोजनालाई लिइन्छ। यस्तो हुँदाहुँदै पनि यस अध्ययन क्षेत्रमा बहुसङ्ख्यक शिक्षकले पाठयोजनाको निर्माण बिना नै शिक्षण गरेको तथ्याङ्क पाइयो जुन तलको तालिकाबाट स्पष्ट हुन्छ।

तालिका नं. ४ : पाठयोजना निर्माणको अवस्था

| पाठयोजना निर्माण गरेको अवस्था | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ३ | ६० |
| छैन | २ | ४० |
| जम्मा | ५ | १०० |

स्रोत : प्रश्नावली र अन्तर्वार्ता, २०७५

माथिको तालिकालाई अध्ययन र विश्लेषण गर्दा कुल ५ जना उत्तरदाता शिक्षकहरूबाट पाठयोजना निर्माण सम्बन्धी जानकारी लिँदा शिक्षण गर्नु पाठयोजना निर्माण गरेर पढाउने शिक्षक ३ जना अर्थात् ६० प्रतिशत पाइयो भने पाठयोजना बिना नै शिक्षण गर्ने शिक्षक २ जना अर्थात् ४० प्रतिशत पाइयो।

तालिका नं. ५ : पाठयोजना निर्माणको आधार

| पाठयोजना निर्माण गरेको आधार | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पाठ्यक्रमको आधारमा | १ | २० |
| पाठ्यपुस्तकको आधारमा | १ | २० |
| विषयवस्तुको प्रकृति र स्वरूपको आधारमा | १ | २० |
| शिक्षक निर्देशिकाको आधारमा | १ | २० |
| अन्य (अध्यापन सामग्रीको आधारमा) | १ | २० |
| जम्मा | ५ | १०० |

स्रोत : प्रश्नावली र अन्तर्वार्ता, २०७५

माथिको तालिका अनुसार पाठयोजना निर्माण गर्ने कुल ३ जना शिक्षकहरूले पाठयोजनाको निर्माणको आधारहरू पाठ्यक्रमको आधारमा १ जना (२० प्रतिशत), पाठ्यपुस्तकको आधारमा १ जना (२० प्रतिशत), विषयवस्तुको प्रकृति र स्वरूपको आधारमा, शिक्षक निर्देशिकाको आधारमा र अन्य अध्यापन सामग्रीको आधारमा समेत पाठयोजना निर्माण गर्ने गरेको प्रश्नावली र अन्तर्वार्ताको क्रममा पाइयो ।

### ४.१.४ शैक्षिक सामग्रीको निर्माण र प्रयोग

विद्यालयमा अध्यापन गराउन शैक्षिक सामग्री शिक्षण सिकाइको महत्त्वपूर्ण साधन तथा अति आवश्यकीय साधन भएकाले त्यसको निर्माण र प्रयोग गर्ने कार्य शिक्षणमा संलग्न पक्षको अति आवश्यकीय कार्य हो। शैक्षिक सामग्री सकेसम्म स्थानीय स्रोत र साधन उपयोग गरी विद्यार्थीको संलग्नतामा निर्माण गर्ने र भएका शैक्षिक सामग्रीलाई पनि उचित ढङ्गले पाठ्यवस्तुको आधारमा उचित प्रयोग गरी अध्यापन गरिएका मात्र निर्दिष्ट शैक्षणिक उद्देश्य हासिल गर्न सफल हुने कुरा निश्चित छ। प्रस्तुत शोधपत्र गर्ने क्रममा अध्ययन क्षेत्रका कतिपय विद्यालयहरूमा शैक्षिक सामग्री भएका वा नभएका शिक्षकले प्रयोग गरेका वा नगरेका शैक्षिक सामग्रीहरू बनाउने र प्रयोग गर्ने सम्बन्धमा के कस्तो अवस्था रहेछ भन्ने तथ्य पत्ता लगाउन गरिएको खोजबाट प्राप्त तथ्यहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ : शैक्षणिक सामग्रीको निर्माण र प्रयोगको अवस्था


| निर्माण र प्रयोगको अवस्था | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निर्माण र प्रयोग दुवै गर्छ | २ | ४० |
| निर्माण गर्दिन तर उपलब्ध सामग्री प्रयोग गर्ने | १ | २० |
| पाठको प्रकृति हेरेर आवश्यक कार्य गर्दछु | २ | ४० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकालाई अध्ययन र विश्लेषण गर्दा कुल उत्तरदाता शिक्षकहरूमध्ये पाठको प्रकृति हेरेर आवश्यक मात्रामा शैक्षिक सामग्रीको निर्माण सङ्कलन र प्रयोग गर्ने शिक्षक २ जना (४० प्रतिशत) छन् भने निर्माण गर्ने तर भएकालाई प्रयोग गरिदिने शिक्षक सङ्ख्या १ जना (२० प्रतिशत) रहेका छन् । त्यसैगरी आफूले शैक्षिक सामग्रीको निर्माण गर्ने

र प्रयोग गर्ने सङ्ख्या २० प्रतिशत रहेका छन् । यसले के स्पष्ट हुन्छ भने विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारी उपयोग हुन नसके र शैक्षिक गुणस्तर कायम गर्न समेत कठिन हुने देखिन्छ ।

चित्र नं. १ : शैक्षणिक सामग्रीको निर्माण र प्रयोगको अवस्था




### ४.१.५ शैक्षणिक योजना र शिक्षकहरूको योग्यता

योग्य, दक्ष, तालिम प्राप्त र योग्यता पुगेको व्यक्तिबाट मात्र उच्चतम उपलब्धिको आशा राख्न सकिन्छ । त्यस्तै गरी विद्यार्थीको भविष्य सुनिश्चित गर्न कक्षाकोठाभित्र अध्यापनका लागि उपस्थित शिक्षक पनि एउटा व्यवस्थित योजना अनुसार नियुक्ति, दरबन्दी, तालिमको आधारमा हुनुपर्छ । त्यसैले नमुना जनसङ्ख्याभित्र छनौटमा परेका विद्यालयहरूमा शिक्षकको योग्यता, क्षमता तालिमको अवस्थाको जानकारी लिन गरिएको स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरूलाई निम्न तालिकामा देखाइएको छ :

तालिका नं. ७ : शिक्षकको योग्यता र तालिमको विवरण

| योजना र तालिमको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सम्बन्धित क्षेत्रमा योग्यता पुगेका र तालिम प्राप्त शिक्षक | ३ | ६० |
| सम्बन्धित क्षेत्रमा योग्यता पुगेका र तालिम अप्राप्त शिक्षक | २ | ४० |
| सम्बन्धित क्षेत्रमा तर तल्लो तहका योग्यता पुगेका | ०० | ०० |
| सम्बन्धित क्षेत्रभन्दा बाह्य र योग्यता पनि नपुगेका शिक्षक | ०० | ०० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकालाई अध्ययन र विश्लेषण गर्दा अध्ययन क्षेत्रमा परेका विद्यालयमा शैषणिक योजना निर्माणअनुसार अध्यापन गराउने शिक्षकहरूमध्ये सम्बन्धित क्षेत्रका योग्यता पुगेका र तालिम प्राप्त शिक्षक ३ जना अर्थात् ६० प्रतिशत रहेको पाइयो भने सम्बन्धित क्षेत्रमा योग्यता पुगेका तर तालिम अप्राप्त शिक्षक सङ्ख्या २ जना वा ४० प्रतिशत रहेको पाइयो । त्यसैगरी सम्बन्धित क्षेत्रका तर तल्लो तहका योग्यता पुगेका र बाह्य र योग्यता पनि पुगेका शिक्षक सङ्ख्या न्यून अर्थात् नभएको ० प्रतिशत रहेको पाइयो । यसले के स्पष्ट हुन्छ भने शिक्षण प्रभावकारी हुन जाने कुरामा समस्या पर्न जाने देखिन्छ ।

### ४.१.६ शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा सरोकारवालाबीचको सम्बन्ध

विद्यालयमा समुदायको सामाजिक शैक्षिक संस्था हो । यो संस्था सञ्चालन गर्न अभिभावकको ठूलो भूमिका हुन्छ । अभिभावकहरूले विद्यालयलाई प्रत्यक्ष निगरानी, विद्यालय व्यवस्थापनमा सहयोग, विद्यालयको योजना, सङ्गठन, नियन्त्रण र निर्देशन गर्न सकेमा विद्यालयमा सकारात्मक परिवर्तन आउन सक्छ । जुन परिवर्तनले समुदाय तथा राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र शैक्षिक क्षेत्रमा पनि परिवर्तन ल्याउन मद्दत गर्छ । त्यसैले विद्यालय सञ्चालन गर्न अभिभावक र समुदाय एक मुख्य कारक तत्व हुन् । यसै तथ्यलाई ध्यानमा राखी यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरूमा समुदाय र अभिभावकले विद्यालयमा गरेको सहयोग सम्बन्धलाई बुझ्न उत्तरदाता, प्रधानाध्यापक सँग गरिएको छलफलबाट प्राप्त तथ्याङ्कलाई निम्न अनुसारको तालिकामा देखाइएको छ :


तालिका नं. ८ : शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा सरोकारवालाबीचको सम्बन्ध

| सहयोगको अवस्था | प्र.अ. सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रत्यक्ष निगरानी र विद्यालय व्यवस्थापनमा सहयोग | २ | ४० |
| विद्यालयमा प्रोत्साहनमूलक र रोचक वातावरणको सिर्जना | १ | २० |
| विद्यालयको संगठन, योजना, निर्देशन र नियन्त्रणमा सहयोग | १ | २० |
| विद्यालयको व्यवस्थापनमा सहयोग र निगरानी | १ | २० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकालाई अध्ययन र विश्लेषण गर्दा विद्यालयसँग सम्बन्धित समुदाय र अभिभावक सहयोगको अवस्थालाई हेर्दा कुल उत्तरदाता प्रधानाध्यापकहरू मध्ये २ जना (४० प्रतिशत) ले समुदाय र अभिभावकले विद्यालयलाई प्रत्यक्ष निगरानी र सहयोग गरेको देखिन्छ भने बाँकी १/१ जना (२० प्रतिशत) प्र.अ.को विचारमा विद्यालयमा प्रोत्साहनमूलक र रोचक वातावरण तथा विद्यालयको कार्यमा सहयोग र व्यवस्थापनमा निगरानी समेत राख्ने गरेको धारणा व्यक्त गरेका छन् ।

चित्र नं. २ : शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा सरोकारवालाबीचको सम्बन्ध



## ४.२ शैक्षणिक योजना निर्माणका तत्व र अवस्था

विद्यालय शैक्षणिक योजनाको सफल निर्माण र कार्यान्वयन सँगसँगै विद्यालयको प्रभावकारिता देखिन्छ। यसका लागि विभिन्न तत्वहरूले प्रभावित गरिरहेको छ। यसै सन्दर्भमा शैक्षणिक योजना निर्माण सँगसँगै कस्ता तत्वहरू आवश्यक हुन्छन् ? विद्यालयहरूमा के के तत्वलाई मुख्य आधार मानी योजना निर्माण गर्ने गरेको छ, त्यसको के अवस्था रहेछ भनी नमूना विद्यालयमा गरिएको खोज तथा अनुसन्धानबाट प्राप्त सूचनालाई देहायका उपशीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ।

### ४.२.१ शैक्षणिक योजनाका तत्त्व

यस अध्ययन क्षेत्रमा समावेश गरिएका उत्तरदाता प्र.अ.हरूको जवाफमा आधारमा शिक्षण योजनाका तत्वहरूको पहिचान र अवस्था सम्बन्धी लिइएको प्राप्त तथ्याङ्कलाई तलको तालिकाबाट प्रष्ट गरिएको छ।

तालिका नं. ९ : शैक्षणिक योजना निर्माणका तत्व

| विवरण पक्ष | छ | | छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| विद्यालयको वार्षिक कार्ययोजना | ५ | १०० | ० | ० | ५ | १०० |
| कक्षा शिक्षकले आफूले पढाउने विषयको योजनाको जानकारी | ५ | १०० | ० | ० | ५ | १०० |
| एकाइ योजनाको तयारी | ३ | ६० | २ | ४० | ५ | १०० |
| कक्षा शिक्षकलाई हरेक पाठका साधारण र विशिष्ट उद्देश्यको स्पष्टता | ३ | ६० | २ | ४० | ५ | १०० |
| वार्षिक योजनामा शिक्षण सामग्री, शिक्षण विधि क्रियाकलाप र मूल्याङ्कन आदिको स्पष्टता | ३ | ६० | २ | ४० | ५ | १०० |
| कक्षा शिक्षकद्वारा निर्मित वार्षिक योजना र विद्यालयको वार्षिक योजनामा तालमेल | ३ | ६० | २ | ४० | ५ | १०० |

स्रोत : प्रश्नावली र अन्तर्वार्ता, २०७५

प्रस्तुत तालिकाअनुसार विद्यालयका शिक्षकहरूले बनाउने योजनाको अवस्था सम्बन्धी विषयमा उत्तरदाता प्र.अ.हरूसँगै लिइएको तथ्याङ्कलाई आधार मान्दा आफ्नो विद्यालयमा विद्यालयको वार्षिक कार्ययोजना (१०० प्रतिशत) सबै विद्यालयमा भएको पाइन्छ। त्यस्तै गरी उत्तरदाता प्र.अ.मध्ये ६० प्रतिशत प्र.अ.ले कक्षा शिक्षकहरूमा हरेक पाठमा साधारण र विशिष्ट उद्देश्यको स्पष्टता रहेको पाइन्छ भने ४० प्रतिशत शिक्षकलाई विषयको स्पष्टता नरहेको अवस्था पाइएको छ। त्यस्तै उत्तरदाता प्र.अ.मध्ये ६० प्रतिशत प्र.अ. ले वार्षिक योजनाका शिक्षण सामग्री, शिक्षण विधि क्रियाकलाप र मूल्याङ्कन आदिको स्पष्टता भएको र ४० प्रतिशतले नभएको भन्ने पाइएको छ त्यस्तै उत्तरदाता प्र.अ.हरूले निर्मित गरेको योजना विद्यालयसँग तालमेल भएको भन्ने ६० प्रतिशत र छैनन् भन्ने ४० प्रतिशत रहेको पाइएको छ। त्यसैले विद्यालयको सिकाइ उपलब्धिलाई प्रभावकारी रूपले लैजान प्रस्तुत तालिका अनुसार शिक्षकलाई तालिम दिनुपर्ने अवस्था देखिन्छ।

### ४.२.२ अध्ययन क्षेत्रमा उपलब्ध पाठ्य सामग्रीहरू

निर्दिष्ट गरिएका शिक्षण सिकाइका उद्देश्यहरू प्राप्त गर्न पाठ्य सामग्रीहरूको ज्यादै ठूलो स्थान रहेको हुन्छ। नेपालको परिवेशमा कतिपय शिक्षकहरूले पाठ्य सामग्रीहरू भन्नाले पाठ्यपुस्तकलाई मात्र बुझ्ने गरेको पनि पाइन्छ भने कतिले पाठ्यसामग्रीको नाम मात्र सुनेको तर कहिल्यै नदेखेको तथा प्राप्त गर्न नसकेको गुनासो पनि गरेको सुनिन्छ। यस अध्ययन क्षेत्रमा शैक्षणिक योजना अनुसार शिक्षण गर्ने शिक्षकबाट उपलब्ध भएका पाठ्यसामग्रीहरू र शिक्षणको अवस्थालाई निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ।

तालिका नं. १० : अध्ययन क्षेत्रमा उपलब्ध पाठ्य सामग्रीहरू

| पाठ्यसामग्री | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पाठ्यपुस्तक मात्र | १ | २० |
| पाठ्यक्रम र पाठ्यपुस्तक | १ | २० |
| शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यपुस्तक र अन्य सहयोगी सामग्रीहरू | २ | ४० |
| शिक्षक निर्देशिका | १ | २० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकाअनुसार उत्तरदाता शिक्षकहरूमध्ये ४० प्रतिशतसँग शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सहयोगी सामग्री उपलब्ध भएको जानकारी प्राप्त भएको छ भने २० प्रतिशत पाठ्यक्रम र पाठ्यपुस्तक मात्र, त्यसैगरी २० प्रतिशत शिक्षकसँग शिक्षक निर्देशिका र पाठ्यपुस्तक मात्र र २० प्रतिशत शिक्षकसँग पाठ्यपुस्तक मात्र भएको छ। शैक्षिक सामग्री र प्रयोगबाट शैक्षणिक योजनाको प्रभावकारितामा प्रभाव पार्ने हुनाले उपलब्ध शैक्षिक सामग्रीको राम्रो प्रयोग गर्नुपर्ने देखिन्छ।

### ४.२.३ विद्यालयगत शैक्षिक सामग्रीको विवरण

नेपालजस्तो अर्धविकसित मुलुकमा मुख्य आधारभूत आवश्यकताको परिपूर्ति गर्नतिर राज्यले बढी खर्च गर्नुपर्ने बाध्यताले शिक्षा क्षेत्रमा अपेक्षित रूपमा लगानी गर्न सकिराखेको छैन । दक्ष जनशक्ति तयार गर्न राज्यले स्तरयुक्त र गुणस्तरीय शिक्षाको नारा बनाउने र गाउने गरेको मात्र देखिन्छ तर व्यवहारिक पक्षमा परिवर्तन गरेको छैन । त्यसैले शिक्षाको गुणस्तर उकास्न पर्याप्त मात्रामा विद्यालयमा शैक्षिक सामग्रीहरू हुनु आवश्यक छ। नमुना छनोटमा परेका वि.व्य.स.का अध्यक्षका अनुसार सामान्यतयाः विद्यालयमा भुगोलका नक्सा र इतिहासका फोटा बाहेक अन्य शिक्षण सामग्रीको प्रयोग भएको पाइएको छैन। यस अध्ययन क्षेत्रमा परेका विद्यालयहरूमा भएका शैक्षिक सामग्रीहरूको स्थिति पनि माथि उल्लेख गरिएको भनाइसँग मिल्दोजुल्दो देखिन्छ। यसरी विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्रीहरूको विवरण थाहा पाउन उत्तरदाता प्र.अ.सँग लिइएको उत्तरको आधारमा प्राप्त विवरणलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ।

तालिका नं. ११ : विद्यालयगत शैक्षिक सामग्री विवरण

| क्र.सं. | विद्यालयको नाम | शैक्षिक सामग्रीहरूको विवरण |
|---|---|---|
| १. | श्री गणेश माध्यमिक विद्यालय | ग्लोब, नक्साहरू, शहिदका फोटाहरू र पाठ्यक्रम |
| २. | श्री गडीगाउँ माध्यमिक विद्यालय | शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यवस्तु, ग्लोब, नक्सा र चार्ट, महादेशका नक्साहरू र शहिदका फोटाहरू |
| ३. | श्री माध्यमिक विद्यालय | नक्सा, चित्र, ग्लोब, पोष्टर, पत्रपत्रिका, चार्ट, साहित्यकारका फोटाहरू |
| ४. | श्री बुद्धआदर्श माध्यमिक विद्यालय | ग्लोब, नक्साहरू, एटलस विश्वमानचित्र, महाँदेशका नक्साहरू, साहित्यकारका फोटाहरू, शिक्षक निर्देशिका |
| ५. | श्री नवकिरण आधारभूत विद्यालय | ग्लोब, नक्साहरू, शहिदका नक्साहरू र साहित्यकारका फोटाहरू |

स्रोत : विद्यालयको तथ्याङ्क, २०७५

माथिको तालिकालाई अध्ययन र विश्लेषण गर्दा शैक्षिक सामग्री बिना शिक्षण अर्थहीन हुने भएकोले प्राय:जसो विद्यालयमा नक्सा र ग्लोब र साहित्यकारको फोटो र चार्ट मात्र रहेको पाइन्छ। केही विद्यालयहरूमा भने नेपाल तथा विश्वको नक्साहरू, एटलस, ग्लोब तथा चार्टहरू, शिक्षक निर्देशिका, विश्वमानचित्र, पाठ्यक्रम साथै सन्दर्भसामग्रीहरू समेत भएको पाइन्छ। त्यसैले प्रभावकारी शिक्षणका लागि आवश्यक सामग्रीहरू सबै विद्यालयहरूमा हुनुपर्ने देखिन्छ।

### ४.२.४ शैक्षिक सामग्रीको उपलब्धता

विद्यालयमा अध्यापन गराउनका लागि शैक्षिक सामग्रीहरू त्यस्तो हुनुपर्दछ जुन उद्देश्यलाई पूर्णता दिने खालका, साधारण, सस्तो, आधुनिक, सजिलै प्राप्त गर्न सकिने, विद्यार्थीको मानसिक तहसँग मिल्ने र अभिरुचि जगाउने खालको हुनुपर्दछ।

### ४.२.५ शिक्षणमा प्रयोग गरिएका शिक्षण विधिहरू

सिकाइ उपलब्धि हासिल गर्न र प्रत्येक क्षेत्रले प्रदान गर्न खोजेको ज्ञान, सीप, अभिवृद्धि प्राप्त गर्नका लागि प्रभावकारी शिक्षण र शिक्षण विधिहरूमा निर्भर रहन्छ। विधिको छनोट गर्दा विषयवस्तुको प्रकृति, उद्देश्य, विद्यार्थीको रुचि, क्षमता, आवश्यकता, शिक्षकको ज्ञान, सीप र क्षमता आदिको आधारमा छनोट गरी तीनलाई प्रयोगमा ल्याउनुपर्दछ। खास गरी सिकाई उपलब्धिहरू सहज र सरल ढङ्गले प्राप्त गराउने प्रक्रिया वा बाटोलाई नै शिक्षण विधि भनिन्छ। यस अध्ययन क्षेत्रमा शिक्षकले कक्षा शिक्षणमा बढि मात्रामा प्रयोगमा ल्याउने विधिहरूबारे प्राप्त प्राथमिक तथ्याङ्कबाट प्राप्त सूचनालाई माथि तालिकमा राखी स्पष्ट पारिएको छ।

तालिका नं. १२ : कक्षा शिक्षणमा बढी प्रयोगमा ल्याउने विधिहरू

| विधिहरू | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्याख्यान, प्रवचन, छलफल र प्रश्नोत्तर | ३ | ६० |
| व्याख्यान, छलफल प्रदर्शन, प्रश्नोत्तर र प्रयोगात्मक | १ | २० |
| छलफल, खोज तथा अनुसन्धान, समस्या समाधान | १ | २० |
| विद्यार्थी केन्द्रित प्रश्नोत्तर र भूमिका अभिनय | ० | ०० |
| प्रवचन, आगमन, निगमन, स्थल भ्रमण नक्सा अध्ययनबाट | ० | ०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिकाअनुसार कक्षा शिक्षण गर्दा शिक्षकले बढी प्रयोगमा ल्याउने विधिहरू व्याख्यान, प्रवचन, छलफल र प्रश्नोत्तर विधि रहेको पाइयो। यी विधि प्रयोग गर्ने शिक्षकहरू कुल शिक्षकको ६० प्रतिशत रहेको देखिन्छ। त्यस्तै २० प्रतिशत शिक्षकले व्याख्यान, छलफल, प्रदर्शन र प्रयोगात्मक विधि प्रयोग गरेको पाइयो भने भूमिका अभिनय, आगमन, निगमन, स्थल भ्रमण, नक्सा अध्ययन, समस्या समाधानजस्ता विधिहरू प्रयोगमा नभएको पाइन्छ। त्यसैले प्रभावकारी शिक्षण गर्नका लागि उपयुक्त स्थलगत भ्रमण, खोज र नक्सा अध्ययन जस्ता विधि प्रयोगमा ल्याउनुपर्ने देखिन्छ।

## ४.३ कक्षा शिक्षणमा शैक्षणिक योजना प्रयोगको अवस्था

अध्ययन क्षेत्रमा परेका विद्यालयहरूमा शैक्षणिक योजना प्रयोगको अवस्थालाई निम्नानुसारका उपशीर्षकमा देखाइएको छ :

### ४.३.१ विद्यालयमा कक्षा शिक्षण र मूल्याङ्कन

पाठ्यक्रमले निर्धारित गरेका उद्देश्यहरू प्राप्त गर्न शिक्षक पाठ्यवस्तुलाई प्रभावकारी ढङ्गले कक्षा शिक्षणमा विभिन्न शिक्षण विधिको प्रयोग गरी विद्यार्थीहरूलाई विषयवस्तुको ज्ञान, सीप र अभिवृद्धिको विकास गराउने काम गरिन्छ। कक्षा शिक्षण गर्दा शिक्षण क्रियाकलाप विद्यार्थीको अवस्थालाई दृष्टिगत गरी विद्यार्थी केन्द्रित शिक्षण गर्नुपर्दछ। किनभने विद्यार्थी नै शिक्षण सिकाइका केन्द्रबिन्दु हुन् र उनीहरूको सहभागिता र सक्रियता अनिवार्य हुन्छ। जसबाट सिकाइको उपलब्धि हासिल गर्न सजिलो पर्दछ। क्रियाकलाप निर्धारण गर्दा विद्यार्थी सहभागितालाई जोड दिनुपर्ने र कक्षा शिक्षण गर्दा विद्यार्थीलाई सक्रिय गराई सिकाइ उपलब्धि हासिल गर्न विभिन्न विधिको प्रयोग गर्नुपर्दछ। कक्षा शिक्षण गर्दा विद्यार्थीको उमेर, परिपक्कता, क्षमता, पूर्व अनुभव र पाठप्रतिको आकर्षण आदिलाई ध्यान दिनुपर्दछ। त्यस्तै विद्यार्थीलाई सिकाइने विषयवस्तुको स्वरूप र प्रकृति हेरेर शिक्षण सिकाइ गर्नु राम्रो मानिन्छ। यसरी कक्षा शिक्षण पश्चात स्पष्ट रूपले किटान गरिएका उद्देश्यहरू पूरा भए कि भएनन् भनेर लेखाजोखा गर्ने मूल्याङ्कन भनिन्छ। अर्थात् विद्यार्थीको लेखाजोखा गर्नु मूल्याङ्कन हो विद्यार्थीमा आशा गरिए अनुसार ज्ञान, सीप र धारणाको विकास भए नभएको जानकारी लिनु नै मूल्याङ्कन हो। मूल्याङ्कन हरेक शिक्षण सिकाइमा क्रियाकलाप सँगसँगै आवश्यकताअनुसार समय समयमा गरिनुपर्दछ। मूल्याङ्कन प्रक्रियामा कुनै पनि समयमा मूल्याङ्कनका विभिन्न माध्यमहरू लिखित, मौखिक, प्रश्नोत्तर

अवलोकन आदिबाट मूल्याङ्कन गरिन्छ। त्यस्तै कक्षा शिक्षणमा मूल्याङ्कन कार्य गर्दा निर्माणात्मक मूल्याङ्कनलाई प्रयोगमा ल्याउनु पर्दछ किनकि यस मूल्याङ्कनले विद्यार्थीलाई समयमै सुधार गर्ने अवसर दिन्छ भने शिक्षकलाई पनि शिक्षण विधि र शैक्षिक सामग्रीमा आवश्यक परिवर्तन गरी शिक्षण प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ। यसकारण यस अनुसन्धानमा पनि अध्ययन क्षेत्रमा लिइएका उत्तरदाता शिक्षकहरूलाई कक्षा शिक्षण पश्चात् अन्त्यमा विद्यार्थीको मूल्याङ्कन गर्ने/नगर्ने र मूल्याङ्कन गरिएमा कस्तो प्रकारको मूल्याङ्कन गर्ने हो भन्ने मूल्याङ्कन स्थिति र अवस्थालाई प्राप्त प्राथमिक तथ्याङ्कको आधारमा तलको तालिकाबाट स्पष्ट पारिएको छ।

तालिका नं. १३ : कक्षा शिक्षण गर्ने/नगर्ने

| मूल्याङ्नको स्थिति | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गर्छु | ५ | १०० |
| गर्दिन | ० | ० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार मूल्याङ्कन गर्छु भन्नेमा सबै शिक्षकहरु वा १०० प्रतिशत रहेको पाइयो।

तालिका नं. १४ : कक्षा शिक्षण मूल्याङ्कनको तरिका

| कक्षा शिक्षण मूल्याङ्नको तरिका | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निर्माणात्मक मूल्याङ्कन (कक्षाकार्य, गृहकार्य, हाजिरी जवाफ, एकाइ परीक्षा, निरीक्षक) | ३ | ६० |
| मौलिक परीक्षा प्रश्नोत्तर (प्रश्नोत्तर विधि) | २ | ४० |
| निदानात्मक परीक्षा (अवलोकन विधि, मनोवैज्ञानिक परीक्षा) | ० | ० |
| जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७५

माथिको तालिका अनुसार शिक्षकले कक्षा शिक्षण गरिसकेपछि अन्त्यमा सतप्रतिशत शिक्षकले विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइन्छ। विद्यार्थी मूल्याङ्कन गर्दा ६० प्रतिशत

शिक्षकले निर्माणात्मक मूल्याङ्कन जसभित्र कक्षा कार्य, गृहकार्य, हाजिरीजवाफ, एकाइ परीक्षा जस्ता प्रकारहरूलाई अपनाएको पाइन्छ। तर उत्तरदाता विद्यार्थीहरूले मूल्याङ्कन गर्नुहुन्छ भन्ने ६० प्रतिशत र मूल्याङ्कन गर्नुहुन्न भन्ने ४० प्रतिशत विद्यार्थीहरू पाइन्छ।

### ४.३.२ विद्यालयले लिँदै आएको परीक्षा प्रणाली

विद्यालयले कुनै एउटा कक्षा वा तहमा अध्ययन गर्ने विद्यार्थीहरूको कमजोरी पक्षमा सुधार ल्याउन तथा विद्यार्थीको स्तर निर्धारण गर्न विभिन्न किसिमका परीक्षाहरू सञ्चालन गरेको पाइन्छ। यस्ता परीक्षाहरू विद्यालयले विद्यार्थीहरूले प्रत्येक ३ महिनामा के कति सिके र सिकाइलाई अझ प्रभावकारी बनाउन के के उपायहरू गर्नु गराउनुपर्दछ भन्नका लागि परीक्षा लिने गर्दछ। त्यस्तै शैक्षिक वर्षको ६ महिना बितिसक्दाको विद्यार्थीको प्रगति लेखाजोखा र अर्धवार्षिक परीक्षा लिने गरेको पाइन्छ। परीक्षाले विद्यार्थीको शैक्षिक गतिविधिमा सुधार गर्ने भएकोले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन सम्बन्धित भई विद्यालयले एक शैक्षिक सत्रमा विभिन्न किसिमका मूल्याङ्कनहरू गर्ने गरेको पाइन्छ। किनकि यस मूल्याङ्कनले विद्यार्थीको शैक्षिक कार्यक्रमको प्रभाविकरण गर्ने काम गर्दछ।

### ४.३.३ उपलब्ध शैक्षिक सामग्रीको पर्याप्तता र प्रभावकारी शिक्षण

शैक्षिक सामग्री उपलब्ध गराई शिक्षण गर्न सकेमा शिक्षण सिकाई प्रभावकारी हुन जान्छ। यसै सन्दर्भमा शिक्षाविद् भन्नुहुन्छ - "राम्रो शिक्षणले विद्यार्थीहरूमा धैर्य र साहसको भावना उत्पन्न गराउँछ। निरसा, हतासा तथा नैराश्यता हटाई, राम्रो शिक्षणले विद्यार्थीहरूमा साहस, उत्साह एवम् प्रोत्साहन भर्ने कार्य गर्दछ।" यस सन्दर्भमा यस अध्ययन क्रममा लिइएका उत्तरदाता प्र.अ.हरूसँग, शैक्षणिक योजना अनुसार अध्यापन गर्न गराउन उपलब्ध शैक्षिक सामग्रीको पर्याप्यता र प्रभावकारी शिक्षण सम्बन्धमा लिइएको धारणालाई तलको तालिकामा स्पष्ट पारिएको छ।

तालिका नं. १५ : उपलब्ध शैक्षिक सामग्रीको पर्याप्तता

| उपलब्ध शैक्षिक सामग्रीको पर्याप्तता | प्र.अ.सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | १ | २० |
| छैन | ४ | ८० |
| जम्मा | ५ | १०० |

स्रोत : प्रश्नावली र अन्तर्वार्ता, २०७५

तालिका नं. १६ : उपलब्ध शैक्षिक सामग्रीको प्रभावकारी शिक्षण

| शैक्षिक सामग्रीको उपलब्धि बिना प्रभावकारी शिक्षणको सम्भावना | प्र.अ.सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ० | ०० |
| छैन | ५ | १०० |
| जम्मा | ५ | १०० |

स्रोत : प्रश्नावली र अन्तर्वार्ता, २०७५

माथिको तालिकालाई हेर्दा शैक्षिक सामग्रकिो उपलब्धि विना प्रभावकारी शिक्षणको सम्भावना छैन भन्नेमा कोही पाइनएन भने छ भन्नेमा १०० प्रतिशत पाइयो ।

### ४.३.४ प्रभावकारी शिक्षणको लागि चाल्नुपर्ने कदमहरू

प्रभावकारी शिक्षणका लागि चाल्नुपर्ने कदमहरुमा आवश्यक शैक्षिक सामग्रीको पर्याप्त व्यवस्थापन गर्नुपर्ने देखिन्छ । त्यसैगरी शिक्षणका क्रममा विषय र पाठ अनुसारको शैक्षिक सामग्री तयार गरेर अध्यापन गराउनु अनिवार्य देखिन्छ भने वैकल्पिक छनोटबाट आवश्यक सामग्रीको पूरा गर्दै लैजानुपर्ने देखिन्छ र सरकारले पनि विषयगत शिक्षक र शैक्षिक सामग्रीमा लगानी गर्नुपर्ने देखिन्छ। यसलाई तलको तालिकाबाट प्रष्ट पारिएको छ।

तालिका नं. १७ : प्रभावकारी शिक्षणको लागि चाल्नुपर्ने कदमहरू


| | | |
|---|---|---|
| आवश्यक शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्नुपर्ने | १ | २० |
| विषय र पाठ अनुसारको शैक्षिक सामग्री तयार गरेर अध्यापन गराउनुपर्ने | १ | २० |
| आवश्यक सामग्रीको वैकल्पिक छनौटबाट पूरा गर्दै लैजाने | १ | २० |
| सरकारले विषयगत शिक्षक र शैक्षिक सामग्रीमा लगानी गर्नुपर्ने | २ | ४० |
| जम्मा | ५ | १०० |

स्रोत : प्रश्नावली र अन्तर्वार्ता, २०७५

उपरोक्त तालिकाको अध्यापन र विश्लेषण गर्दा शैक्षिक सामग्रीको उपलब्धता बिना शिक्षणको सम्भावना र शैक्षिक सामग्रीको पर्याप्तता भन्ने सन्दर्भमा पर्याप्तता छ भन्ने २०

प्रतिशत र छैन भन्ने ८० प्रतिशत प्र.अ.हरूको धारणा पाइयो भने सामग्रीको उपलब्धि बिना शिक्षणको सम्भावना छ भन्ने ०० प्रतिशत र छैन भन्ने १०० प्रतिशत र प्र.अ.हरू भएको पाइन्छ। त्यस्तै गरी प्रभावकारी शिक्षणको लागि चाल्नुपर्ने कदमहरूमा शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्नुपर्ने २० प्रतिशत, विषय र पाठ अनुसारको शैक्षिक सामग्री तयार गरी अध्यापन गराउनुपर्नेमा २० प्रतिशत, आवश्यक सामग्रीको वैकल्पिक छनोटबाट पूरा गर्दै जाने २० प्रतिशत र सरकारले कक्षागत शिक्षक र शैक्षिक सामग्रीमा लगानी गर्नुपर्नेमा ४० प्रतिशत प्र.अ.हरूको धारणा रहेको पाइयो। यसलाई स्तम्भचित्रमा देखाइएको छ।

चित्र नं. ३ : प्रभावकारी शिक्षणको लागि चाल्नुपर्ने कदमहरू




### ४.३.५ शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग

शिक्षण सिकाइमा शैक्षिक सामग्री बिनाको शिक्षण अर्थपूर्ण र प्रभावकारी हुँदैन। त्यसैले शिक्षण सिकाइमा उचित शैक्षिक सामग्रीहरूको संलग्नता वा प्रयोग गर्नाले सिकाइमलाई दिगो र अर्थपूर्ण बनाउँछ। त्यस्तै शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग गर्दा पाठको स्वरूप र प्रकृति अनुसार गर्न सकेमा विद्यार्थीको धरणा स्पष्ट गर्न सकिने, कम

समयमा नै सिकाउन सकिने, शिक्षण कार्य सरल र रोचक हुने, विद्यार्थीमा चाख बढ्ने, विद्यार्थी उत्प्रेरित, सिर्जनशील र क्रियाशील हुने हुँदा शैक्षिक सामग्रीलाई शिक्षण सिकाइ कार्यलाई संलग्न गराउनु आवश्यक छ। यस अध्ययनमा पनि शिक्षकले शैक्षिक सामग्रीको प्रयोग कसरी गरेका छन् भन्ने जानकारी प्राप्त गर्न उत्तरदाता विद्यार्थीहरूबाट लिइएको धारणालाई निम्म्न तालिकाबाट प्रष्ट पारिएको छ।

तालिका नं. १८ : शिक्षणमा शैक्षिक सामग्रीको संलग्नता

| पाठ्यपुस्तकको शिक्षण र शैक्षिक सामग्रीको संलग्नता | छात्र | | छात्रा | | कुल विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | | |
| विषयवस्तुमा उल्लेख भएका सबै शैक्षिक सामग्री प्रयोग | ४ | ८ | १८ | ३६ | २२ | ४४ |
| पाठ्यपुस्तक चक डस्टर र कालोपाटीको प्रयोग | १८ | ३६ | १० | २० | ३८ | ५६ |
| पाठ्यपुस्तकमा उपलब्ध हुने सामग्रीको प्रयोग | १० | २० | ४ | ८ | १४ | २८ |
| आवश्यक स्रोत र सामग्रीको सहयोग | ८ | १६ | १० | २० | १८ | ३६ |
| पाठ्यपुस्तकको मात्र प्रयोग | १० | २० | ८ | १६ | १८ | ३६ |
| जम्मा | ५० | १०० | ५० | १०० | १०० | २०० |

स्रोत : स्थलगत विद्यालय सर्वेक्षण, २०७५

तालिकालाई अध्ययन र विश्लेषण गर्दा तथ्याङ्कले के प्रष्ट पार्दछ भने शिक्षकले शिक्षण गर्दा शैक्षिक सामग्रीको संलग्नतालाई हेर्दा कुल उत्तरदाता विद्यार्थीहरूमध्ये ५६ प्रतिशत विद्यार्थीहरूले शिक्षकले कक्षा शिक्षण गर्दा “चक, डस्टर कालोपाटीको मात्र प्रयोग गर्ने गरेको” बताए भने २८ प्रतिशत विद्यार्थीहरूले “पाठ्यपुस्तकमा उपलब्ध हुने सामग्रीको सहायताले”, भने, त्यसैगरी ३६ प्रतिशत विद्यार्थीहरूले “पाठ्यपुस्तकको सहायताबाट मात्र” भन्ने बताए र आवश्यक स्रोत सामग्रीको सहयोगले ३६ प्रतिशत पाठ्यपुस्तकको शिक्षण र शैक्षिक सामग्रीको संलग्नता र भन्ने तथ्याङ्क प्राप्त गरिएको छ। विद्यालयले प्रदान गर्ने वातावरण र व्यवस्थापन राम्रो हुनुपर्ने देखिन्छ।

## ४.४ शैक्षणिक योजना निर्माण र प्रभावकारितामा देखापरेका समस्या

झापा जिल्लाको बुधबारे स्रोतकेन्द्रअन्तर्गतका सामुदायिक माध्यमिक विद्यालय तहमा शैक्षणिक योजनाको प्रभावकारितामा आइपरेको समस्या सम्बन्धमा अध्ययनको लागि छानिएका विद्यालयहरूमा प्रत्यक्ष अवलोकन तथा प्र.अ., कक्षा शिक्षक, सम्बन्धित विद्यार्थीहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई प्रश्नावली भराई सो सम्बन्धमा अध्ययन गर्दा विभिन्न विद्यालयका शिक्षक विद्यार्थी र प्र.अ.हरूका अध्यय अध्यापनहरूमा शैक्षणिक योजनाबिना व्यापक समस्या भएको पाइन्छ। समाज विकासको क्रमदेखि नै समस्या र ती समस्या समाधान गर्ने उपायहरूको खोजी भई समाज अगाडि बढेको इतिहास छर्लङ्ग छ। त्यसैअनुसार कतिपय विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको अभाव, दक्ष शिक्षकको अभाव, आर्थिक अभाव, व्यवस्थापनमा असामान्जस्यता, अधिक विद्यार्थी, पाठ्यसामग्री र सन्दर्भ सामग्रीको अभाव, विद्यार्थीको सहभागिताको कमी, शैक्षिक राजनीतिकरण, विद्यालय वातावरण अनुकुल नहुनु जस्ता समस्याहरू विद्यमान भएको पनि पाइन्छ। अतः यस अध्ययन क्षेत्रमा अध्ययनको क्रममा पाइएका समस्याहरू र समाधानका उपायहरू समेत प्र.अ., कक्षा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट औँल्याइएका समस्याहरू तपशिल बमोजिम बुँदागत रूपमा क्रमशः उल्लेख गरिएको छ।

**प्र.अ.हरूबाट औँल्याइएका समस्याहरू**

क) शैक्षणिक योजना निर्माण गर्न गाह्रो भएको हुनाले शिक्षकहरू अनभिज्ञ हुनु,

ख) तालिम प्राप्त विषयगत शिक्षकको अभाव खड्किनु,

ग) शिक्षण पद्दति सुधार गर्न नसक्नु,

घ) विद्यार्थीहरूले आचारसंहिता पालना नगर्नु,

ङ) शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको अभाव,

च) पाठ्यपुस्तक र पाठ्यक्रमको तालमेल नभएको,

छ) पुनर्ताजगी तालिमको व्यवस्था नहुनु,

ज) शिक्षकहरूले पाठयोजना नबनाउनु,

झ) आचारसंहिता पालना नगर्नु।

विद्यालयमा शैक्षणिक योजना कार्यान्वयन हुन नसकेको बुझिन्छ । त्यसैले सम्बन्धित प्र.अ.द्वारा देखाइएको समस्यालाई तपसिलअनुसार समाधान गर्ने उपायसमेत दिइएको छ ।

**कक्षा शिक्षकले औँल्याएका शैक्षणिक योजना सम्बन्धी समस्याहरू**

क) पाठयोजना बनाउन गाह्रो भएको,

ख) शैक्षिक सामग्री निर्माण गर्न समय नभएको,

ग) विद्यालय व्यवस्थापन र वातावरण अनुकुल नभएको,

घ) सरकारको शैक्षिक नीति राजनीतिक परिवर्तनका साथ परिवर्तन भएको,

ङ) शिक्षकले शैक्षणिक कार्य योजना बनाउन नसक्नु,

च) प्र.अ. तथा शिक्षकहरूलाई तालिमको राम्रो व्यवस्था नभएको,

छ) पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको अभाव भएको,

ज) पाठ्यक्रम, पाठ्यपुस्तक र क्रियाकलाप विद्यार्थीको उमेर सुहाउँदो नभएको ।

माथिका समस्याहरूको विश्लेषण गर्दा कक्षा शिक्षक दक्ष नभएको र योजना निर्माण गर्ने वातावरण अनुकुल नदेखिएकाले यस्ता समस्यालाई समाधान गर्न तपशिल अनुसारका उपायहरू दिइएको छ ।

**विद्यार्थीद्वारा औँल्याएका समस्याहरू**

क) नियमित कक्षा सञ्चालन नहुनु,

ख) कक्षामा विद्यार्थी सङ्ख्या बढी हुनु,

ग) कक्षामा हल्ला र क्रियाकलाप बढी हुनु,

घ) भौतिक प्रयोगात्मक सामग्रीको अभाव हुनु,

ङ) विद्यार्थी आचारसंहिताको पालना नहुनु,

च) सान्दर्भिक पाठ्यपुस्तकको अभाव,

छ) कक्षा शिक्षणमा विद्यार्थीको मूल्याङ्कनको अभाव हुनु,

ज) विद्यालयमा शिक्षण अनुकुल वातावरणको अभाव हुनु,

झ) विद्यालयमा चुस्त दुरुस्त व्यवस्थापनको कमी हुनु,

ञ) शिक्षकले विद्यार्थीलाई उत्प्रेरित बनाउन नसक्नु,

ट) शिक्षक र विद्यार्थीबीच राम्रो सम्बन्ध हुन नसक्नु,

ठ) शिक्षकले आफ्नो दायित्व पूरा गर्नुभन्दा राजनीतितर्फ बढी लाग्नु ।

विद्यार्थीहरूद्वारा औल्याएका समस्याहरूलाई हेर्दा शैक्षणिक योजनाका तत्वहरू र प्रभावकारी कार्यान्वयनको सम्बन्धमा विद्यार्थीद्वारा औँल्याइएका समस्याहरूको विश्लेषण गर्दा शिक्षकले बिना योजना कक्षा शिक्षण गरेको, शिक्षक विद्यार्थीबीच राम्रो सम्बन्ध नभएको, शिक्षकले उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको र विद्यालयको व्यवस्थापन कमजोर भएको भन्ने पाइन्छ। तर ती समस्याहरूलाई समाधान गर्न विद्यार्थीद्वारा औँल्याइएका उपायहरू पनि यसप्रकार भएको पाइन्छ।

## ४.५ शैक्षणिक योजना निर्माणमा आइपरेका समस्याको सम्बन्धमा वि.व्य.स.का पदाधिकारीहरूको धारणा

क) शिक्षकले उचित सुविधा र पारिश्रमिक नपाउनु,

ख) शिक्षणका क्रममा शैक्षिक सामग्रीको अभाव हुनु,

ग) अध्ययन अध्यापनमा व्याख्यान विधि बढी प्रयोगमा आउनु,

घ) विद्यार्थीहरूले पढाइप्रति रुचि नलिनु,

झ) विद्यार्थी र समाजको आवश्यकता अनुरूप पाठ्यक्रम तथा पाठ्यपुस्तक नहुनु।

माथिको शैक्षणिक योजना निर्माणको प्रभावकारितामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको धारणालाई विश्लेषण गर्दा शिक्षकहरू बिना योजना कक्षामा जाने, योग्य र दक्ष शिक्षकको कमी हुनु, शैक्षिक सामग्री र शिक्षण विधि समयसापेक्ष नहुनुले गुणस्तरीय शिक्षामा प्रभाव परेको देखिन्छ। त्यसैले यदि विद्यालयले शैक्षणिक योजना निर्माण गरी कार्यान्वयनलाई महत्व दिने हो भने योजनाको प्रभावकारी कदम उदाहरणीय बन्न सक्ने देखिन्छ। त्यसैले यहाँ औँल्याइएका समस्याहरूलाई सुल्झ्याउने उपायहरू पनि बताइएको पाइन्छ।

## ४.६ शैक्षणिक योजना निर्माण र प्रभावकारितामा देखापरेका समस्या समाधान गर्ने उपायहरू

**प्र.अ.बाट औँल्याएका समस्या समाधानहरू उपायहरू**

क) सरकारले दक्ष र तालिम प्राप्त शिक्षक, शैक्षिक सामग्रीहरू, सन्दर्भ सामग्रीको पूर्ण ग्यारेण्टीका साथ व्यवस्था मिलाउनु पर्ने देखिन्छ,

ख) अध्यापन गरिरहेका शिक्षकलाई पुनर्ताजगी तालिम दिई विषयवस्तुमा दक्षतापूर्ण ज्ञान भएको विषय शिक्षक उत्पादन गर्नुपर्ने ।

ग) विद्यालयले शिक्षकहरूलाई प्रोत्साहन दिने वातावरण सिर्जना गर्नुपर्ने ।

घ) सरकारको शिक्षा नीति स्पष्ट हुनुपर्ने ।

ङ) शिक्षक विद्यार्थीले आचारसंहिता अनिवार्य रूपमा पालन गर्नुपर्ने ।

च) कक्षा शिक्षकलाई छोटो अवधिको विषय विशेषज्ञहरूबाट तालिम दिनुपर्ने ।

छ) शैक्षिक सत्र अगावै पाठ्यक्रम र पाठ्यपुस्तकको उपयुक्त ढङ्गले व्यवस्था मिलाउनु पर्ने ।

ज) पाठ्यवस्तुको विस्तार र अभ्यासलाई विषयवस्तु अनुरूप औचित्यपूर्ण तवरले राखिनुपर्ने ।

**कक्षा शिक्षकले औँल्याएका समस्या समाधानका उपायहरू**

क) पाठ्यक्रमलाई समयसापेक्ष बनाउनु अनिवार्य देखिन्छ,

क) पाठ्यवस्तु समयसापेक्ष हुनुपर्ने देखिन्छ,

ग) शैक्षिक सामग्रीको निर्माण र प्रयोगको विधिको व्यवस्था जोड दिनुपर्ने देखिन्छ,

घं) विद्यालय व्यवस्थापन र वातावरण समयानुकुल बनाउनुपर्ने देखिन्छ,

ङ) शिक्षकलाई तालिमको व्यवस्था अनिवार्य मिलाउनुपर्ने देखिन्छ,

च) शैक्षिक सत्रको सुरुमा नै विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरूको सरकारले व्यवस्था गर्नुपर्ने,

छ) पाठ्यक्रमलाई त्रुटिरहित बनाउन पूर्ण मूल्याङ्कन र लेखन विशेषज्ञहरूबाट हुनुपर्ने ।

**विद्यार्थीबाट औल्याएका समस्या समाधान गर्ने उपायहरू**

क) कक्षामा विद्यार्थी सङ्ख्याको आधारमा सेक्सन विभाजन गर्ने र कक्षा नियन्त्रणमा विद्यालयले दिनुपर्ने देखिन्छ,

क) भौतिक र प्रयोगात्मक सामग्रीको साथै पाठअनुसारको स्रोत सामग्रीको व्यवस्था विद्यालयले मिलाउनुपर्ने ।

ग) विद्यार्थीहरूलाई आकर्षक गर्न र अनुशासनमा राख्न विद्यालय आचारसंहिता सबैले पालना गर्नुपर्ने देखिन्छ,

घ) विद्यालय प्रशासन चुस्त र दुरस्त बनाउन वि.व्य.स. सक्रिय हुनुपर्ने देखिन्छ,

ङ) पाठ्यवस्तुको व्यवस्था गर्ने र दैनिक कक्षा शिक्षणमा मूल्याङ्कन गर्ने व्यवस्था वि.व्य.स. र विद्यालय प्रशासनले मिलाउनु पर्ने देखिन्छ,

च) समयमा अभिभावक भेला राख्नु अनिवार्य देखिन्छ,

छ) शिक्षकको उपस्थिति नियमित गराई कक्षा सञ्चालन गर्न विद्यालय प्रशासन रुपमा लागि पर्नुपर्ने देखिन्छ,

ज) शिक्षक र विद्यार्थीबीचको अन्तरसम्बन्ध सुमधुर राख्ने वातावरण मिलाउनु पर्ने देखिन्छ,

**व्यवस्थापन समितिका पदाधिकारीले औंल्याएका समस्या समाधानका उपायहरू**

क) शैक्षणिक योजनाको महत्त्व जनमानसमा पुऱ्याउनु पर्ने देखिन्छ,

ख) शैक्षणिक योजना निर्माण गर्न स्रोतव्यक्तिको सहयोगबाट शिक्षक सम्पूर्ण पक्षको ज्ञाता हुनुपर्ने देखिन्छ,

ग) विद्यालयले शिक्षकलाई समय समयमा तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ,

घ) अवलोकन, अध्ययन भ्रमण र खोज विधिको प्रयोग गरी शिक्षण सिकाइ गरिनुपर्ने देखिन्छ,

ङ) दैनिक पाठयोजना, वार्षिक कार्यतालिका, एकाइ योजना र साप्ताहिक कार्ययोजना निर्माण गर्न सहयोग गर्नुपर्ने देखिन्छ,

च) शिक्षकद्वारा विद्यार्थी केन्द्रित शिक्षण विधि अनिवार्य रुपमा अपनाउनुपर्ने देखिन्छ,

छ) विद्यालयप्रतिको अपेक्षित धारणाका सम्बन्धमा समाजसँग अन्तरक्रिया गरी सकारात्मक परिवर्तन ल्याउनुपर्ने देखिन्छ,

ज) बहुआयामिक विषयगत योग्य शिक्षक उत्पादनमा सरकारले जोड दिनुपर्ने देखिन्छ,

झ) शिक्षकलाई उचित सेवा, सुविधा र पारिश्रमिक दिनुपर्ने देखिन्छ ।

समग्रमा भन्नुपर्दा शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग अनिवार्य देखिन्छ । विद्यार्थीहरूलाई स्पष्टसँग बुझ्ने गरी शिक्षण गराउनुपर्ने देखिन्छ । त्यसैले योजना निर्माण गर्दा सबै कुराको विचार वि.व्य.स., स्रोतव्यक्ति, विद्यालय प्रशासन आदिले ध्यान दिई अध्यापनमा सहज बनाउन सकिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस परिच्छेदमा अघिल्लो परिच्छेदमा गरिएको नतिजाको विश्लेषण एवम् व्याख्याबाट प्राप्त तथ्य कुराहरूलाई प्रस्तुत गर्नुका साथै त्यसैको आधारमा निष्कर्ष निकालिएको छ। अध्ययनका क्रममा समुदायमा हस्तान्तरित विद्यालयहरूको आधारभूत तहमा शैक्षणिक योजना निर्माण र कार्यान्वयनको अवस्था पहिचान, सम्बन्धित सरोकारवालाहरूबीचको आपसी सम्बन्ध, त्यसका समस्या र समाधानका उपायहरूको सम्बन्धमा अन्तर्वार्ता, छलफल, अवलोकन तथा अभिलेख अध्ययनका माध्यमबाट प्राप्त नतिजाका आधारमा आवश्यक तहगत रूपमा सुझावहरू समेत प्रस्तुत गरिएको छ।

## ५.१ प्राप्ति

शोधकार्य अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरूको विश्लेषणले सम्बन्धित क्षेत्रमा रहेको वास्तविकतालाई बाहिर ल्याउन सहयोग पुग्दछ। विद्यालय सञ्चालन, प्रगति र विकासको लागि शैक्षणिक योजना महत्वपूर्ण रहेको हुन्छ। त्यसैले विद्यालयमा शैक्षणिक योजना कार्यान्वयनको अवस्थालाई बुझ्न झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गतका समुदायमा हस्तान्तरित पाँचवटा विद्यालयसँग सम्बन्धित नमुना छनोटमा परेका जनसङ्ख्याहरू माथि अनुसन्धानका साधनहरूबाट तथ्याङ्क सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ।

शिक्षण योजना सम्बन्धी कुल शिक्षकहरुमध्ये २० प्रतिशत शिक्षकले शैक्षणिक योजना निर्माण गरेका पाइएन भने बाँकी ८० प्रतिशत शिक्षकले योजना निर्माण गरेको पाइयो । पाठयोजनाका सम्बन्धमा ६० प्रतिशत शिक्षकले योजना निर्माण गरेको पाइयो भने ४० प्रतिशतले नगरेको पाइयो । शिक्षण गराउँदा बढी मात्रामा व्याख्यान, प्रवचन, छलफल र प्रश्नोत्तर विधि प्रयोग गरेको पाइयो। प्रधानाध्यापकलाई शैक्षिक सामग्रीमध्ये चक, डस्टर र कालोपाटी वा वाइट बोर्ड र पार्करको अवस्था पर्याप्त छ भन्नेमा ६० प्रतिशत पाइयो भने छैन भन्नेमा ४० प्रतिशत पाइयो। त्यसैगरी मूल्याङ्कनसम्बन्धी अध्ययन गर्दा सबै शिक्षकले मूल्याङ्कन गर्ने गरेको पाइयो भने मौखिक परीक्षा प्रश्नोत्तर विधिबाट गर्छु भन्नेमा ४० प्रतिशत रहेको पाइयो। शिक्षकको योग्यता र तालिम सम्बन्धी गरिएको अध्ययनमा तालिम प्राप्त भन्नेमा ६० प्रतिशत पाइयो भने अप्राप्त भन्नेमा ४० प्रतिशत पाइयो।

यस अध्ययनबाट शैक्षिक योजनाको निर्माणको प्रभावकारिता र कार्यान्वयनमा देखिएका समस्याहरुको पहिचान गर्न प्र.अ., कक्षा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुबाट औंल्याइएका समस्याहरुमध्ये मुख्य समस्याहरुमा तालिम प्राप्त शिक्षकको अभाव, पाठ्य सामग्रीको अभाव, नियमित कक्षा सञ्चालन नहुनु आदि रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोगको सम्बन्धमा कुनै पनि योजना विहीन कार्यक्रमबाट लक्षित उद्देश्यहरु पूरा हुन सक्दैन । यस अध्ययनमा शैक्षिक सामग्रीहरु, शैक्षिक क्रित्रयाकलाप, मूल्याङ्कन विद्यालयको वातावरणीय अवस्था, भौतिक पक्ष तथा व्यवस्थापनका विभिन्न पक्षहरुले शिक्षण सिकाइ योजनामा परोको प्रभावको अध्ययन गरिएको छ । समय सापेक्ष व्यवहारिक शिक्षा र यसको अध्ययनबाट शिक्षकले क्षमताको विकास गर्न सक्ने देखिन्छ । त्यसैले शिक्षण योजनाको प्रभावकारितामा वार्षिक योजना, पाठयोजना, एकाइ योजना, साप्ताहिक योजना आदि तत्वहरुलाई बढी जोड दिएको छ भने शिक्षकले तालिमबाट प्राप्त गरेका ज्ञानलाई व्यवहारमा ल्याउनुपर्ने भएकाले तालिमको व्यवस्थालाई बढी जोड दिएको पाइन्छ ।

विद्यालयमा शिक्षण गर्दा अधिकांश शिक्षकले शिक्षण विधिको प्रयोग गरेको पाइयो । जसमा व्याख्यानात्मक विधि, छलफल विधि र प्रश्नोत्तर विधिको प्रयोग गरेको पाइयो । यसले विद्यार्थीको सिकाइमा रुचि, स्तर र उमेर तथा विषयवस्तुको प्रकृति र स्वरुपको आधारमा छनोट गरेको पाइयो तर पाठ्यक्रमले निर्देशित गरेअनुसार शिक्षण विधिको प्रयोग नगर्ने शिक्षकहरु पनि रहेको पाइयो । विद्यालयमा शिक्षक गर्दा अधिकांश शिक्षकहरुलर्य शैक्षिक सामग्री उपलब्ध हुन नसकेका कारण पाठ्यपुस्तक र दैनिक प्रयोगका सामग्रीहरुबाट मात्र शिक्षण गरेको पाइयो ।

समग्रमा हेर्दा शिक्षकको दक्षतामा कमी, तालिम प्राप्त भए तापनि व्यवहारमा लागु नगर्नु, शिक्षकको नियमित उपस्थिति नहुनु, शैक्षिक सामग्रीको अभाव हुनु, शैक्षिक वातावरण अनुकुल नहुनु, राजनीतिक दबाबमा पर्नु, शिक्षणका लागि साधन र स्रोतको कमी हुनु जस्ता समस्याले गर्दा शिक्षण सिकाइमा असर परिरहेको देखिन्छ । शैक्षणिक योजना अनुसार

शिक्षणमा देखापरेका समस्या समाधानका लागि विद्यालय पक्ष, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, सराकोरावाल सबैको समन्वयात्मक प्रयास हुनु अत्यन्त जरुरी देखिन्छ ।

## ५.३ सुझावहरू

समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरूको आधारभूत तहमा शैक्षणिक योजना कार्यान्वयनको अवस्था अध्ययनको विश्लेषणबाट गरिएको प्राप्ति तथा निष्कर्षका आधारमा भविष्यमा शैक्षणिक योजना कार्यान्वयन सम्बन्धी अझ प्रभावकारी एवम् उपलब्धिमूलक तरिकाले अघि बढ्न नीतिगत तहमा लिनुपर्ने निर्णयहरू, अभ्यास तहमा गर्नुपर्ने कार्यहरू र अनुसन्धान तहमा थप अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई समेत निम्नअनुसारका सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

आधारभूत तहमा शैक्षणिक योजना कार्यानवयलाई पूर्णता दिनका लागि नीतिगत तहमा निम्न अनुसारका पहलकदमी चाल्नुपर्ने देखिन्छ

क) विद्यालयलाई वार्षिक कार्ययोजना अनिवार्य निर्माण गर्न लगाई सबैले देख्न सक्ने ठाउँमा राख्न निर्देशन दिनुपर्ने, साथै यसका कार्यान्वयनका लागि तालिम/पुनर्ताजगी तालिमको समेत व्यवस्था हुनुपर्ने ।

ख) विद्यालयहरूमा शैक्षणिक योजना कार्यान्वयका लागि आवश्यक पर्याप्त सामग्रीको अभाव देखिएको छ । यसका लागि आर्थिक सहयोग, भौतिक सहयोग तथा प्राविधिक सहयोग गर्नुपर्ने देखिन्छ ।

ग) बजेट निकाशा प्रक्रियालाई छिटो र सरल बनाई नियमित समयभित्र नै स्थानीय स्तरमा उपलब्ध गराउनु पर्ने ।

घ) राम्रो कार्यका लागि पुरस्कार र नराम्रो कार्यका लागि दण्डको व्यवस्था गर्नुपर्छ । यसबाट प्रधानाध्यापक/शिक्षकले नियमित शैक्षणिक योजनाको कार्यान्वयन गर्ने क्रममा उच्च मनोबलका साथ काम गर्नेछन् । यस्ता कार्यले विद्यालयका अन्य योजना कार्यान्वयमा समेत सहयोग पुग्नेछ ।

ङ) उत्कृष्ट र उदाहरणीय योजना निर्माण तथा कार्यान्वयनकर्ता प्र.अ/शिक्षक/कर्मचारी/विद्यालय व्यवस्थापन समिति लाई पुरस्कृत गर्ने र त्यस्ता कार्यलाई अन्य विद्यालयका लागि प्रचारप्रसार गर्दा उदाहरणका रूपमा प्रस्तुत गर्ने ।

च) समय समयमा (सकेसम्म विद्यालयमा लामो छुट्टी भएको बेला) अभिमुखीकरण कार्यक्रम र तालिम सञ्चालन गर्ने, त्यसैगरी समुदायमा सचेतना जगाउन पनि विभिन्न कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ ।

छ) शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा तल्लो निकायबाट पनि सल्लाह र सुझाव बटुल्न आवश्यक हुन्छ । ती सल्लाह सुझाव उपयुक्त ठहरिएमा कार्यक्रममा सहभागी गराउनुपर्छ । यसले तलको निकायलाई कार्यान्वयन गर्न बढी जिम्मेवार बनाउँछ ।

ज) योग्य र दक्ष शिक्षकहरूलाई प्रधानाध्यापकको तालिमको अवसर प्रदान गर्नुपर्ने साथै प्रधानाध्यापक हुने नीतिको कार्यान्वयन गर्नुपर्ने ।

झ) विद्यालयमा गरिने सह तथा अतिरिक्त क्रियाकलापहरूलाई ऐच्छिक कार्यक्रमको सट्टा विद्यालयको अनिवार्य र अभिन्न अङ्गको रूपमा कार्यान्वयन गर्ने निर्देशन दिनुपर्ने देखिन्छ ।

ञ) आधारभूत तहको शैक्षणिक योजना कार्यान्वयनका लागि शैक्षिक सत्र शुरु हुनुभन्दा अघिदेखि नै प्रभावकारी नीति निर्माण र नीति कार्यानवयनमा हरेक पक्षले भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

### ५.३.२ अभ्यास तह

शैक्षणिक योजना आधारभूत तहमा कार्यान्वयनलाई पूर्णता दिनका लागि अभ्यासगत तहमा निम्न अनुसारका कदमहरूमा पहल गरिनुपर्ने देखिन्छ :

क) प्रत्येक विद्यालयले आफू अनुकुलताको वार्षिक कार्यतालिका अनिवार्य निर्माण गर्नुपर्ने,

ख) सामुदायिक विद्यालयले आधारभूत तहमा शैक्षणिक योजना निर्माण गर्दा सम्पूर्ण सरोकारवालाहरूको सहभागिता एवम् राय सुझाव अनुसार निर्माण गर्नुपर्ने,

ग) प्रत्येक शिक्षकले आफूले अध्यापन गर्ने विषयहरूको वार्षिक कार्ययोजना, एकाइ योजना तथा दैनिक पाठयोजना निर्माण गरी पूर्ण रूपमा कार्यान्वयनमा उतार्नुपर्ने,

घ) विद्यालयले दैनिक कार्यतालिका निर्माण गर्दा विषयहरूको पाठ्यभार अनुसारका साथै प्रत्येक शिक्षकलाई उचित कार्यभार मिलाई नियम संगत तरिकाले निर्माण गर्नुपर्ने,

ङ) शिक्षकहरूले बनाइएका योजना अनुसार शिक्षण गरिरहेका छन् या छैनन् विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत स्रोतव्यक्तिहरूले नियमित अनुगमन एवम् सुपरीवेक्षण गरिरहनु पर्ने,

च) शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक पर्ने शैक्षिक सामग्रीका साथै खेलकद सामग्री, विज्ञानका सामग्री आदि विद्यालयले उपलब्ध गराउनुपर्ने,

छ) दक्ष, इमानदार एवम् कर्तव्यनिष्ठ जनशक्ति उत्पादन गर्न प्रत्येक शिक्षकले आफ्नो दायित्वलाई कुनै पनि सर्त एवम् अल्छीपन नगरी पूर्ण रूपमा निभाउनु पर्ने,

ज) विद्यालयले शिक्षकको मनोबल अभिवृद्धि गर्ने राम्रो काम गर्नेलाई पुरस्कृत तथा नराम्रो गर्नेलाई दण्डको व्यवस्था अनिवार्य रूपमा गर्नुपर्ने,

झ) विद्यालयलाई शान्तिक्षेत्र घोषण गरी जुनसुकै परिस्थितिमा पनि सबै सरोकार वालाहरूले एकजुट भएर समस्याको समाधान गर्ने प्रतिबद्धता जाहेर गरी पूर्ण रूपमा प्रतिबद्धतालाई कार्यान्वयनमा उतार्नु अनिवार्य छ ।

ञ) विद्यालयसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूबीचको आपसी सम्बन्धलाई सुदृढ बानइराख्न कम्तीमा वर्षको ३ पटकसम्म विभिन्न कार्यक्रमहरूको आयोजना गरी एक आपसमा मनमा लागेका कुराहरू व्यक्त गर्न विद्यालयले व्यवस्थापन मिलाउनुपर्ने देखिन्छ ।

ट) विद्यालयले कम्तीमा ३ महिनामा एक एक पटक शैक्षणिक योजना कार्यान्वयनका विषयमा विद्यालय व्यवस्थापन समिति, शि.अ.सं., प्रधानाध्यापक र शिक्षकहरूको संयुक्त बैठक आयोजना गर्नुपर्ने,

ठ) शैक्षणिक योजना कार्यान्वयनको वार्षिक रूपमा अनिवार्य समीक्षा गरिनुपर्ने,

ड) सह तथा अतिरिक्त क्रियाकलापका विविध कार्यक्रमहरूमा प्रत्येक विद्यार्थीको सहभागिता अनिवार्य गराउनुपर्ने देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

प्रस्तुत शोध अध्ययन नमुना छनोटमा परेको सानो एकाइमा गरिएकोले यसले देशभरिका समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरूको प्रतिनिधित्व गर्न नसक्ने भएका कारण यसको निष्कर्षलाई सबैतिर सामान्यीकरण गर्न सकिँदैन। तसर्थ यस अध्ययनमा समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको शैक्षणिक योजना कार्यान्वयन त्यति सन्तोषजनक नदेखिए पनि अन्य ठाउँका विद्यालयहरूमा शैक्षणिक योजना कार्यान्वयनको अवस्था कस्तो रहेको छ भनी पुनः अनुसन्धान तहबा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ। यसको अलावा निम्न विषयमा पनि अनुस्न्धान गर्न अनुसन्धानकर्ताहरूलाई सुझाव छ :

क) आधारभूत तहमा शैक्षणिक योजना कार्यान्वयनमा अनुगमन, सुपरीवेक्षण एवम् पृष्ठपोषणको प्रभावकारिता विषयमा अनुसन्धान गर्नुपर्ने,

ख) समुदायमा हस्तान्तरित विद्यालयका सरोकारवालाबीचको आपसी सम्बन्धका बारेमा छुट्टै अनुसन्धान गर्नुपर्ने,

ग) शैक्षणिक योजना कार्यान्वयन प्रधानाध्यापक तथा शिक्षकको योगदानका विषयमा अनुसन्धान तहले अनुसन्धान गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित सुझावहरूलाई अभ्यासगत रूपबाट विकास गरी व्यवहारमा लागु गर्न सकेमा समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरू लगायत अन्य विद्यालयहरूको पनि आधारभूत तहमा शैक्षणिक योजना कार्यान्वयनमा आइपर्ने समस्याहरूलाई न्युनिकरण गर्दै यसलाई पूर्णता दिन सक्ने अठोट गर्न सकिन्छ।

## सन्दर्भसूची


अधिकारी, विष्णुप्रसाद (२०६०), *शैक्षिक योजना,* काठमाडौँ : आशिष पुस्तक भण्डार ।

काइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०६६), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेशन ।

गौतम, सोमनाथ (२०६६), *समुदायमा हस्तान्तरित सामुदायिक विद्यालयका व्यवस्थापनको प्रभावकारिता,* त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस ।

प्रसाईं, कविन्द्र (२०६७), *सामुदायिक विद्यालयमा विद्यालय सुधार योजनाको प्रभावकारिता,* त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस ।

निरौला, सुभाष (२०६३), *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव,* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौँ ।

पौडेल, टेकमणि (२०६८), *विद्यालयको भौतिक व्यवस्थापन,* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौँ ।

शर्मा एण्ड शर्मा (२०७०), *शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन,* त्रिभुवन विश्वविद्यालय काठमाडौँ ।

बुढाथोकी, राजेन्द्र (२०६१), *प्राथमिक शिक्षक सेवा आयोग दर्पण,* विराटनगर : श्याम पुस्तक भण्डार ।

भट्टराई लेखनाथ (२०६७), *सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारिता* (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

*राष्ट्रिय शिक्षा पद्धतिको योजना* (२०२८-०३२) को प्रतिवेदन ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाडौँ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६०), *शैक्षिक प्रशासन,* काठमाडौँ : एम.के. पब्लिसर्स ।

शर्मा, दण्डपाणि (२०६०), *निम्न माध्यमिक तहको अध्ययन अनुमति पत्र दिग्दर्शन,* काठमाडौँ : आठराई प्रकाशन ।

*शिक्षा ऐन* २०२८, सातौँ संशोधन ।

*शिक्षा नियमावली* २०५९, छैटौँ संशोधन ।

श्रेष्ठ, चन्द्रबादुर (२०५९), *शैक्षणिक योजना,* काठमाडौँ : भुडिपुराण प्रकाशन ।

*समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका* (२०५९), पहिलो संशोधन (२०६३), काठमाडौँ : नेपाल सरकार शिक्षा मन्त्रालय ।

सिंह, ललित विक्रम (२०६५), *विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन* (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

सेरिड (२०६१), *फर्मेटिभ अनुसन्धान परियोजना,* कीर्तिपुर काठमाडौँ : त्रि.वि. ।

## अनुसूची १

## शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग

## विद्यालय अवलोकन फारम

विद्यालयको नाम : तह : ठेगाना :

---

१. विद्यालयमा शैक्षणिक योजना निर्माण गर्ने गरेको छ ?

२. शैक्षणिक योजना निर्माणमा सबै सरोकारवालाहरूको सहभागिता हुने गरेको छ ?

छ आंशिक छैन

३. शैक्षणिक योजना निर्माणमा माथिल्लो निकायको सुझाव लिने गरेको छ ?

छ आंशिक छैन

४. वार्षिक कार्ययोजना, एकाइ योजना तथा दैनिक पाठयोजना अनिवार्य रूपमा निर्माण हुने गरेको पाइन्छ ।

छ आंशिक छैन थाहा छैन

५. निर्मित शैक्षणिक योजना अनुसार यसलाई पूर्ण रूपमा कार्यान्वयनमा उतार्ने गरेको पाइन्छ ?

पाइन्छ आंशिक पाइँदैन थाहा छैन

६. प्रधानाध्यापक र शिक्षकबीचको आपसी सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

७. शिक्षक र विद्यालय व्यवस्थापन समिति बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

८. शिक्षक र विद्यार्थीबीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

९. विद्यालय र समुदायबीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो म्न्तोषजनक सामान्य

१०. विद्यालय र स्रोतव्यक्तिबीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

११. समुदायको सचेतनाको अवस्था कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

१२. राम्रो कामलाई पुरस्कार र नराम्रो कामलाई दण्ड दिने व्यवस्था छ ?

छ छैन

१३. शिक्षकको मनोबल वृद्धि गर्ने कुनै कार्यहरू हुने गरेको छ ?

छ आंशिक छैन

१४. समुदायलाई सचेतना जगाउने विद्यालयले कार्यक्रमहरू गर्ने गरेको छ ?

छ आंशिक छैन

१५. विद्यालयले समुदायलाई शैक्षणिक योजना सम्बन्धी जानकारी दिने गरेको छ ?

छ छैन

१६. शैक्षणिक योजना कार्यान्वयनको अनुगमन कतिको हुने गरेको छ ?

पूर्ण आंशिक न्यून छैन

१७. शैक्षणिक योजना कार्यान्वयनमा देखिने प्रमुख समस्या के हुन सक्छ ?

क)आर्थिक र राजनैतिक ख) आर्थिक र सामाजिक

ग) प्रशासनिक र न्यून अनुगमन घ) आर्थिक र वातावरण

१८. विद्यालयले हरेक समस्याका बाबजुद पनि योजना कार्यान्वयन गर्न कोशिस गर्ने गरेको पाइन्छ ?

पाइन्छ पाइँदैन

१९. विद्यालयले योजना कार्यान्वयनको समीक्षा गर्ने गरेको छ ?

छ छैन

## अनुसूची २

## शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग

## प्रधानाध्यापकको लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम : शैक्षिक योग्यता :

प्रधानाध्यापक को नाम : अनुभव :

---

१. तपाईंले प्रधानाध्यापक भएर काम गर्नुभएको कति वर्ष भयो ?

२. प्रशासन मात्र हेर्नुहुन्छ कि अध्यापन पनि गर्नुहुन्छ ?

प्रशासन मात्र अध्यापन र प्रशासन दुवै

३. तपाईंको विचारमा शैक्षणिक योजना कस्तो मान्नुहुन्छ ?

४. के विद्यालयमा शैक्षणिक योजनाको आवश्यकता छ ?

५. निर्माण गरिएको शैक्षणिक योजना अनुसार पूर्ण रूपमा कार्यान्वयन गर्न/गराउन सफल हुनुभएको छ ?

६. तपाईंको विद्यालयमा सबै शिक्षकहरू शैक्षणिक योजना निर्माण गर्न सक्षम हुनुहुन्छ ?

७. विद्यालयमा शिक्षण कार्यका लागि अनुकुल वातावरण बनाउन सफल हुनु भएको छ ?

८. विद्यालयमा शिक्षक र विद्यार्थीबीचको आपसी सम्बन्ध कस्तो पाउनु भएको छ ?

९. शैक्षणिक योजना कार्यान्वयमा कस्ता कस्ता समस्याहरू आइपर्दछन् ?

१०. शैक्षणिक योजना कार्यान्वयनमा वि.वि. तथा स्रोत व्यक्तिले अनुगमन, सुपरीवेक्षण गर्नु भएको छ कि छैन ?

११. योजना कार्यान्वयनमा माथिल्लो निकायबाट के आशा गर्नुहुन्छ ?

१२. ती समस्याहरूलाई कसरी समाधान गरिरहनु भएको छ ? अझ अन्य उपायहरू छन् भने कताइदिनु हुन्छ कि ?

१३. शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनका सम्बन्धमा बाँकी केही कुरा भन्न मन लागेको छ भने कृपया............ ।

## अनुसूची ३

## शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग

## शिक्षकका लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम : शैक्षिक योग्यता :

शिक्षकको नाम : सेवा अवधि :

---

१. विद्यालयको शैक्षणिक योजना निर्माण भन्नाले के बुझ्नुहुन्छ ?

२. शैक्षणिक योजना भन्नाले के बुझ्नु हुन्छ ?

३. वार्षिक कार्यतालिका निर्माण प्रधानाध्यापक एक्लैले गर्नुहुन्छ कि तपाईंहरूको सहयोगमा बनाउनु हुन्छ ?

४. वार्षिक कार्ययोजना, एकाइ योजना तथा दैनिक पाठयोजना सबै निर्माण गरी अध्यापन गनुहुन्छ कि आवश्यक लागेको मात्र बनाउनुहुन्छ ?

५. दैनिक पाठयोजना कि पाठनोटको आधारमा पढाउने गर्नुभएको छ ?

६. आवश्यक शैक्षिक सामग्री विद्यालयले उपलब्ध गराउन सकेको छ ?

७. निर्माण गर्नुभएका योजनाहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सक्नु भएको छ कि छैन ?

८. शिक्षण सिकाइमा प्रधानाध्यापकले कतिको सहयोग पुऱ्याउनु भएको छ ?

९. विद्यालय र समुदायबीचको सम्बन्ध कस्तो पाउनु भएको छ ?

१०. माथिल्लो निकायले सुपरिवेक्षण गरी सहयोग पुऱ्याउनु भएको छ ?

११. शैक्षणिक योजना कार्यान्वयन गर्दा तपाईंलाई आइपरेका अप्ठ्याराहरू के के छन् ?

१२. ती अप्ठ्याराहरूलाई न्युनिकरण गर्ने कुनै उपायहरू भइ बताइदिनु हुन्छ कि ?

१३. शैक्षणिक योजना कार्यान्वयनका बारेमा अरू केही भन्नु छ कि ?

## अनुसूची ४

## शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम : शैक्षिक योग्यता :

शिक्षकको नाम : सेवा अवधि :

---

१. तपाईँ विद्यालयमा कतिको आउने गर्नुभएको छ ?

२. शैक्षणिक योजना निर्माण गर्दा प्रधानाध्यापकले सल्लाह लिनुहुन्छ ?

३. विद्यालयमा गरिने हरेक क्रियाकलापमा आवश्यक पर्ने सामग्रीहरू कसरी जुटाउने गर्नुभएको छ ?

४. विद्यालयलाई दिइने सरकारी अनुदानबाट तपाईँ सन्तुष्ट हुनुहुन्छ ?

५. प्रधानाध्यापक तथा शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने गर्नुभएको छ ? उनीहरूको कार्यप्रति सन्तुष्ट हुनुहुन्छ ?

६. विद्यालयको शिक्षण सिकाइमा शिक्षकहरूको सक्रियता कस्तो पाउनु भएको छ ?

७. प्रधानाध्यापक र शिक्षकबीचको सम्बन्ध कस्तो पाउनु भएको छ ?

८. विद्यालयको विभिन्न कार्यक्रममा सरोकारवालाहरूको कतिको सहभागिता हुने गरेको छ ?

९. निर्मित वार्षिक क्यालेण्डर अनुसार विद्यालय सञ्चालन हुने गरेको छ ?

१०. योजना कार्यान्वयनमा कस्ता कस्ता समस्या आउने गरेका छन् ?

११. ती समस्याहरू समाधान गर्न कस्तो उपाय रच्ने गर्नु भएको छ ?

१२. विद्यालयमा हुने गतिविधिको वार्षिक रूपमा समीक्ष गर्ने गर्नुभएको छ ?

१३. शैक्षिक योजना निर्माण र कार्यान्वयनको विषयमा अरू केही छन् भने भनिदिनुहोस् न ।

# अनुसूची ५

## शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग

## अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम :

अभिभावकको नाम :

---

१. तपाईंका कति जना छोराछोरी यो विद्यालयमा पढ्छन् ?

२. उनीहरूको पढाइप्रति तपाइँ सन्तुष्ट हुनुहुन्छ ?

३. विद्यालयले बनाउने शैक्षिक क्यालेण्डरको बारेमा तपाइँहरूलाई थाहा दिन्छ ?

४. त्यही क्यालेण्डर अनुसार नै विद्यालयमा पढाइ लगायत परीक्षा तथा अन्य कार्यक्रमहरू हुने गरेका छन् ?

५. कक्षा कोठामा शिक्षक प्रवेश गर्नुअघि उनीहरूको हातमा केही बोकेको देख्नुभएको छ ? देख्नुभएको भए के के लग्ने गरेको पाउनु भएको छ ?

६. विद्यालयले वार्षिक कार्यक्रम तथा अन्य कार्यक्रमहरूमा तपाइँहरूलाई बोलाउँछ कि बोलाउँदैन ?

७. कुनै शिक्षक तपाइँको छोराछोरीको पढाइको बारेमा छलफल गर्न घरमा आउनु भएको छ ?

८. शिक्षक र विद्यार्थीबीचको सम्बन्ध कस्तो पाउनु भएको छ ?

९. विद्यालयले छोराछोरीका लागि अरू के गरिदियोस् भन्ने चाहनुहुन्छ ?

१०. विद्यालयको योजनाहरू बनाउँदा विद्यालयले बोलाउने गरेको छ ?

११. विद्यार्थीको पढाइ सम्बन्धमा सर मिस तथा प्रधानाध्यापकहरूलाई कस्तो सुझाव दिन चाहनुहन्छ ?

'

**अनुसूची ६**

**शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग**

**नमुना छनोटमा परेका विद्यालयका प्र.अ. र शिक्षकहरूको नामावली**

**श्री नवकिरण आधारभूत विद्यालय**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | राजु खत्री | प्रधानाध्यापक |
| २ | ख्यामप्रसाद कट्टेल | शिक्षक |
| ३. | करुणा राजवंशी | शिक्षक |
| ४. | कुलबहादुर सिगौरे | शिक्षक |
| ५. | विपीन बाँस्कोटा | शिक्षक |
| ६. | मनिष खतिवडा | वि.व्य.सं. अध्यक्ष |

**श्री बुद्ध आदर्श मा.वि.**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | कृष्ण भण्डारी | प्रधानाध्यापक |
| २ | टीका सुवेदी | शिक्षक |
| ३. | टीका खवास | शिक्षक |
| ४. | ओमप्रकाश दुलाल | शिक्षक |
| ५. | ज्ञानु धिमाल | शिक्षक |
| ६. | मनोरथ तिवारी | वि.व्य.सं. अध्यक्ष |

**श्री गणेश मा.वि. बुद्धशान्ति**

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | डिल्लीराम खतिवडा | प्रधानाध्यापक |
| २ | डालिम कान्त आचार्य | शिक्षक |
| ३. | अजय भण्डारी | शिक्षक |
| ४. | भोजकुमारी लावती | शिक्षक |
| ५. | पूर्णचन्द्र ढुङ्गेल | शिक्षक |
| ६. | मानबहादुर साँवा | वि.व्य.सं. अध्यक्ष |

## श्री गडिगाउँ मा.वि.

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | घनश्याम आचार्य | प्रधानाध्यापक |
| २ | ज्ञनु खतिवडा | शिक्षक |
| ३. | युवराज खतिवडा | शिक्षक |
| ४. | युवराज बस्नेत | शिक्षक |
| ५. | रुद्रप्रसाद खतिवडा | शिक्षक |
| ६. | निलमणि नेउपाने | वि.व्य.सं. अध्यक्ष |

## श्री माध्यमिक विद्यालय बर्ने

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | चन्द्रप्रसाद उप्रेती | प्रधानाध्यापक |
| २ | भूपेन कार्की | शिक्षक |
| ३. | केसी श्रेष्ठ | शिक्षक |
| ४. | डम्बर सिवाकोटी | शिक्षक |
| ५. | | शिक्षक |
| ६. | रुद्रबहादुर भण्डारी | वि.व्य.सं. अध्यक्ष |

**अनुसूची ७**

**शिक्षण सिकाइमा शैक्षणिक योजनाको प्रयोग**

**नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरूको नामावली**

**श्री नवकिरण आधारभूत विद्यालय**

| क.सं. | नाम, थर |
|---|---|
| १. | भविन धिमाल |
| २ | राकेश चौधरी |
| ३. | रमेश मैनाली |
| ४. | गीता कार्की |
| ५. | रोनिषा मैनाली |
| ६. | रीमा बस्नेत |
| ७. | सेविका सिटौला |
| ८. | रुस्मा धिमाल |
| ९. | गरिमा सुब्बा |

**श्री बुद्ध आदर्श मा.वि.**

| क.सं. | नाम, थर |
|---|---|
| १. | होमनाथ धिमाल |
| २ | तुलसा पौडेल |
| ३. | तुलसा बराइली |
| ४. | सरिता लिम्बू |
| ५. | अनुप धिमाल |
| ६. | रितेस मिश्र |
| ७. | रोजन श्रेष्ठ |
| ८. | होमा दाहाल |
| ९. | अनुप काम्बाङ |

## श्री गणेश मा.वि. बुद्धशान्ति

| क.सं. | नाम, थर |
|---|---|
| १. | दिलीप तामाङ |
| २ | शिक्षा पौडेल |
| ३. | धनबहादुर लिम्बू |
| ४. | धर्मप्रसाद चौहान |
| ५. | अपेक्षा खतिवडा |
| ६. | सोनी लिम्बू |
| ७. | करण कटुवाल |
| ८. | दीक्षा लिम्बू |
| ९. | पूर्णिमा जवेगु |

## श्री गडीगाउँ मा.वि.

| क.सं. | नाम, थर |
|---|---|
| १. | अनुप काफ्ले |
| २ | समीक्षा आचार्य |
| ३. | अर्पण पौडेल |
| ४. | सिर्जना मगर |
| ५. | निरा नेउपाने |
| ६. | आयुष्मा बस्नेत |
| ७. | दिपेश निरौला |
| ८. | भूपेश बराल |
| ९. | राकेश बाँस्कोटा |

**श्री माध्यमिक विद्यालय बर्ने**

| क.सं. | नाम, थर |
|---|---|
| १. | कल्पना मिश्र |
| २ | केशु अधिकारी |
| ३. | सीमा मल्ल |
| ४. | सुनिता लिम्बू |
| ५. | दिपेन वि.क. |
| ६. | दिपेश रिमाल |
| ७. | रमला चापागाईं |
| ८. | आयुष्मा अधिकारी |
| ९. | हरि तिम्सिना |

*स्रोतव्यक्ति : सूर्य सापकोटा*